- व्यक्तिगत सवारीको सट्टा ठूला र एकपटकमा धेरैजनाले प्रयोग गर्न मिल्ने सवारीसाधनको प्रयोग बढाऔं।
- डिजेल र पेट्रोलबाट चल्ने सवारीसाधनको विकल्पमा विद्युतीय सवारीसाधनको प्रयोग गरौं।
- आफूले प्रयोग गर्ने सवारीसाधनको नियमित प्रदूषण जाँच गरौं।

प्रदूषण घटाऔं, वातावरण जोगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।

eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० पुस १३ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 December 29 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ११९

## कानून पालना गराउन कडारूपमा प्रस्तुत हुने– प्रजिअ

प्रस, वीरगंज, १२ पुस/

प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले कानून पालना गराउन कडारूपमा प्रस्तुत हुने बताएका छन्।

जिल्ला प्रशासन कार्यालय, पर्सामा आयोजित सञ्चारकर्मीसँग अन्तर्क्रिया कार्यक्रममा बोल्दै प्रजिअ भुसालले लामो समयदेखि स्वास्थ्य तथा उद्योग क्षेत्रमा काम गरी हालै गृह प्रशासनतर्फ आएकोले प्राविधिक कुरा थाहा रहेको बताए। पर्सामा देखिएका समस्या सञ्चारकर्मीले सत्यतथ्य प्रकाशन गरे जिप्रका, पर्सालाई सहयोग पुग्ने बताए।

उनले गृह प्रशासनले जिल्ला प्रशासनलाई दिएको म्यान्डेट अन्तर्गत नागरिकता, सामान्य उजूरी, मिटर ब्याजसम्बन्धी उजूरी, हातहतियार, नागरिकताजस्ता प्रत्यक्ष जनतासँग जोडिएको काम भएकोले छिटो कार्य सम्पादन हुने बताए।

प्रजिअ भुसाल आएपछि हिजो उद्योगी व्यापारीसँग तथा आज राजनीतिक दलसँग छलफल गरी पर्साको शान्ति सुरक्षा कसरी व्यवस्थित गर्न सकिन्छ भन्नेबारे बुझ्ने कार्य भइरहेको बताए। नागरिकता प्रतिलिपि शाखा तथा नागरिकता लिन लाग्ने भीड र उनीहरूलाई दिइने सेवा कसरी सहज बनाउन सकिन्छ भन्नेबारे कर्मचारीसँग छलफल गर्ने बताए।



छलफलको क्रममा सञ्चारकर्मीहरूले मिटरब्याजको उजूरी हेर्दा दलालहरू बढी प्रवेश गरी कर्मचारीलाई प्रलोभनमा पार्दा न्याय हुन नसकेको बताए। पर्साका सरकारी कार्यालयहरू अहिले पनि सञ्चारमैत्री नभएको गुनासो पत्रकारहरूले गरेका थिए। सबै कार्यालयमा सूचना अधिकारी रहे तापनि सूचना अधिकारीले सूचना नदिने, विभिन्न बहाना बनाउने, मोबाइल नउठाउनेलगायत समस्या रहेको बताएका थिए।

अन्तर्क्रियाको सहजीकरण सहायक प्रमुख जिल्ला अधिकारी शिव लम्साल तथा स्वागत मन्तव्य नेपाल पत्रकार महासङ्घका सचिव दीपेन्द्र चौहानले गरेका थिए।

## कमिशन खाएर ऋण प्रवाह गर्ने परिपाटी अन्त्य गर्नुपर्छ- कुशवाहा

प्रस, परवानीपुर, १२ पुस/

आम जनता पार्टीका अध्यक्ष प्रभु साहले कमिशन खाएर वाणिज्य बैंकहरूले सर्वसाधारणलाई ऋण दिने परिपाटी अन्त्य गर्नुपर्ने बताएका छन्।

आम जनता पार्टी मधेस प्रदेश कमिटीद्वारा वीरगंजको ओम पार्टी प्यालेसमा आयोजित प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रममा बोल्दै उनले सो कुरा बताएका हुन्। बैंकहरूले लिने गरेको मनपरी ब्याज फिर्ता गराउन लघुवित्त, सहकारीहरूको सम्पूर्ण ऋण मिनाहा गर्न तथा आम जनतालाई सहजरूपमा कर्जा दिलाउने अभिप्रायले आयोजित सो अन्तर्क्रिया कार्यक्रममा बोल्दै उनले बैंकहरूको नीतिकै कारण जनताले दुःख भोग्नुपरेको बताए। सर्वसाधारण जनता र किसानभन्दा कमिशन दिने र बैंकमा पहुँच भएका ठूलाबडाले मात्र कर्जा पाउँछन्, उनले भने – यो परिपाटीको अन्त्य गर्नुपर्छ। कमिशनमा कर्जा प्रवाह गर्ने जबसम्म परिपाटी अन्त्य हुँदैन तबसम्म हरेक बैंकले निर्धारण गरेको कृषि कर्जा सम्बन्धित किसानले नपाउने उनले बताए।

नेता साहले बैंकहरूले बेला–बेलामा जथाभावी प्रिमियम शुल्क वृद्धिको बहाना गर्दै ब्याजदर बढाउने र कर्जा नवीकरण शुल्कलगायत शीर्षकमा ऋणीहरूसँग मनपरी शुल्क लिंदा आम जनतामाथि थप आर्थिक भार बढ्दै गएको र ऋणको कारण बिल्लीबाँठ लाग्ने अवस्था सिर्जना भएकोले यसप्रति सरोकारवाला निकाय र राज्य गम्भीर हुनुपर्ने धारणा राखे।




त्यसैगरी उनले सडकको मोहडा मात्र हेरेर जग्गा धितो राखी ऋण दिनुको सट्टा सडकभन्दा भित्री खेतहरूलाई पनि यथोचित मूल्याङ्कन गरी किसानलाई कृषिकर्जा उपलब्ध गराउनसमेत माग गरे। किसानले कृषिकर्जा लिएर बालीनाली उब्जाउनुपर्ने हो। राम्रो उब्जाउ खेतको मूल्याङ्कन गरेर कर्जा दिनुको साटो सडकविनाको जग्गालाई कर्जा नै नदिने भन्दै सर्वसाधारणलाई बैंकबाट फिर्ता गरी दुःख दिने गरेको समेत उनले आरोप लगाए। त्यसैगरी किसानहरूको लागि बालीनालीमा हुने क्षतिको लागि पेन्सनको व्यवस्था गर्नुपर्ने माग गरे। जस्तै एउटा बालीमा एक कट्ठा जग्गामा एक क्विन्टल धान उत्पादन हुनुपर्नेमा कुनै कारणवश विपद आउँदा बालीनाली क्षति भयो भने किसानको लागत पनि सरकारबाट पेन्सनस्वरूप क्षतिपूर्ति पाउनुपर्ने प्रणालीको विकास गरे नेपालमा कृषिकर्मप्रति किसानहरूमा आकर्षण थप्न सकिने बताए।

आम जनता पार्टीका मधेस प्रदेश अध्यक्ष उमेश कुशवाहाको अध्यक्षता एवं पर्सा अध्यक्ष कदम रसूलको सहजीकरणमा सम्पन्न कार्यक्रममा नेता बाबूराम कौशिक, मनोज गुप्ता, सुनील रौनियारलगायतले मन्तव्य व्यक्त गरेका थिए।

## तिलगङ्गाका चिकित्सकले गरे ६३० जनाको शल्यक्रिया

प्रस, परवानीपुर, १२ पुस/

अन्तर्राष्ट्रिय साझेदार अपरेशन रिज्युइस सिङ्गापुरको आर्थिक सहयोग एवं तिलगङ्गा आँखा प्रतिष्ठान काठमाडौंको आयोजनामा पर्साको विन्ध्यवासिनी गाउँपालिकामा बृहत् तीन दिने आँखा शिविर एवं शल्यक्रिया कार्यक्रम सम्पन्न भएको छ।

पुस ९ गतेदेखि बहुअर्वाभाठास्थित राधाकृष्ण चौरसिया मावीमा सम्पन्न आँखा शिविरमा पाँच हजार आँखा रोगीहरूको आँखा परीक्षण गरी तीमध्ये मोतियाबिन्दुको समस्या देखिएका ६३० जना रोगीको शल्यक्रिया भएको प्रतिष्ठानका बाह्य कार्यक्रम अधिकृत नामखेन लामाले जानकारी दिए।

आँखा शिविरमा विन्ध्यवासिनी, बहुदरमाई, पोखरिया र जगरनाथपुर गाउँपालिकाका सयौं आँखा रोगीहरू लाभान्वित भएका छन्। विन्ध्यवासिनी गापाको सहजीकरणमा भएको कार्यक्रममा गापाले शिविर र शल्यक्रिया सञ्चालनको लागि विद्यालयको भवन, पानी, टेन्ट, कुर्सी, खाना पकाउने भाँडाकुँडा एवं १५ जना स्वयंसेवकको व्यवस्थापन गरेको थियो भने अन्तर्राष्ट्रिय साझेदार संस्था सिङ्गापुरबाट ४० जना




विदेशी स्वयंसेवकहरूले सो शिविरमा सहयोग गरेका थिए।

प्रतिष्ठानका वरिष्ठ भेट्रो रेटिना सर्जन डा सञ्चिता शर्माको नेतृत्वमा २८ जना चिकित्सक एवं स्वास्थ्यकर्मीहरूको टोली पछिल्लो तीन दिनदेखि बहुअर्वाभाठामा बसेर यो शिविर सञ्चालन गरेको हो। जसमा मोतियाबिन्दु शल्यक्रिया विशेषज्ञ डा श्याम व्यास, डा निशा मानन्धर, ओटी इन्चार्ज शोभा शर्मालगायतको स्वास्थ्यकर्मीले सेवा दिएका थिए। प्रतिष्ठानले करीब छ–सात वर्षपछि पर्सामा यस्तो बृहत् शिविर आयोजना गरेको जनाएको छ।

सशुल्क सोही शल्यक्रिया काठमाडौंको तिलगङ्गामा गराउँदा शल्यक्रिया शुल्क रु नौं हजार एवं जाँचको २५०० गरी करीब

(बाँकी अन्तिम पातामा)

## सरकारी कार्यालयको शाखा विस्तारको माग गर्दै प्रजिअमार्फत प्रधानमन्त्रीलाई ज्ञापन

प्रस, वीरगंज, १२ पुस/

धोबिनी गाउँपालिकाका ललनप्रसाद कुर्मीलगायत स्थानीयले बिहीवार प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन्।




इलाका प्रशासन कार्यालय, मालपोत, नापी, भूमिसुधारको शाखा स्थापनाको माग गर्दै प्रजिअमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाइएको हो। ज्ञापनपत्रमा हालका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जनयुद्धको बेला नयाँ नेपाल तथा गाउँगाउँमा सिंहदरबार ल्याउने वाचा गरेको र सो अनुरूप सङ्घ, प्रदेश र स्थानीय तहको सरकार गठन भए पनि संविधानतः गापा तथा नगरपालिकामा राखिनुपर्ने सरकारी कार्यालयका शाखाहरू स्थापना नहुँदा सर्वसाधारण जनताले आर्थिक र शारीरिक पीडा भोग्नुपरेको उल्लेख छ।

पर्सा जिल्लाको सन्दर्भमा सबै सरकारी कार्यालयहरू वीरगंज महानगरपालिकामा मात्र केन्द्रित रहेको र दूरदराज गाउँबाट सेवा लिन आउनेहरूलाई खान, बस्नलगायतको आर्थिक समस्या भइरहेको र समयमा काम नहुँदा थप पीडा भोग्नुपरेको उल्लेख छ।

सबैभन्दा दूरीमा रहेको ठोरी गापा वीरगंजदेखि ६५ किलोमिटर दूरीमा रहेको र त्यहाँबाट आउजाउ गर्न एकजनालाई रु आठ सय बसभाडा तिर्नुपर्ने र समयमा काम नहुँदा वीरगंजमा खानेबस्नेजस्ता आर्थिक भार बेहोर्नुपर्ने जस्ता समस्याको समाधान अहिलेसम्म नभएको ज्ञापनपत्रमा उल्लेख छ।

ज्ञापनपत्र बुझाउँदै कुर्मीले इलाका प्रशासन, मालपोत, भूमिसुधार र नापीका शाखाहरू १३वटै पालिकाहरूमा पुर्‍याउनुपर्ने र त्यस्तो भए मात्र पर्साका सर्वसाधारणले सास्ती भोग्नु नपर्ने उल्लेख छ।

यस अघि पर्सा जिल्लामा सरकारी कार्यालयका सेवाहरू पोखरिया नगरपालिकामा शाखा स्थापना गरेर प्रदान गर्नुपर्ने पोखरिया नपाका जनप्रतिनिधि, राजनीतिकर्मी र नागरिक समाजले आवाज उठाउँदै आएका छन्। तर लामो सङ्घर्ष, आन्दोलनका बावजूद सो ठाउँमा सरकारी कार्यालयको शाखा स्थापना हुन सकेको छैन। सङ्घ, प्रदेश सरकारको ध्यानाकर्षण गराइएको र सरोकारवाला मन्त्रीहरूले पनि शाखा स्थापना गर्न प्रतिबद्धता जाहेर गरेको बावजूद पर्सा जिल्लामा कुनै पनि सरकारी कार्यालयको शाखा विस्तार हुन सकेको छैन।

जगरनाथपुर गाउँपालिकामा करीब एक दशक अघि स्थापना भएको इलाका प्रशासन कार्यालय, सुपौली अहिले निष्क्रियप्रायः छ। केही वर्ष मात्रै सेवा प्रवाह भएको सो कार्यालयबाट अहिले निवेदन लिने र सबै काम जिल्ला प्रशासन कार्यालय पर्साबाट हुँदै आएको छ। चारवटा गापालाई लक्षित गरेर इप्रका सुपौली स्थापना भएको तर जनशक्ति अभावमा सेवा प्रवाह हुन सकेको छैन।

## नदी किनारमा जम्मा गरिएको दाउरा बरामद

बलिराम शुक्ला, बिरुवागुठी १२ पुस/

पर्साको पर्सागढी नगरपालिका–७ स्थित छटघाट नदी किनारमा अलगअलग स्थानमा लुकाइछिपाई राखेको अवस्थामा तीन ट्याक्टर अवैध काँचो चिरपट दाउरा प्रहरी र वनगस्ती टोलीले आज बरामद गरेको छ।

इलाका प्रहरी कार्यालय, पटेर्वासुगौली का प्रहरी निरीक्षक रामराजा केसरीको विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय एकटाङ्गा, बिन्दवासिनी कोइलाभार बडनिहार साझेदारी वन समितिका अध्यक्ष महमद रिजवानुल हक र सब डिभिजन वन कार्यालय रङ्गपुरका रेन्जरको नेतृत्वमा गएको प्रहरी र वन गश्तीको संयुक्त टोलीले दुई स्थानमा अलगअलग लुकाइराखेको चिरपट दाउरा बरामद गरेको इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामराजा केसरीले बताएका छन्।




बरामद दाउरा कसको हो र कुन प्रयोजनको लागि लुकाइछिपाई राखेको हो खोजतलास भइरहेको र दाउरा आवश्यक कारबाईका लागि सब डिभिजन वन कार्यालय बडनिहारमा राखिएको बिन्दवासिनी कोइलाभार बडनिहार साझेदारी वन समितिका अध्यक्ष महमद रिजवानुल हकले बताएका छन्।

## विचारसार र सूक्तिहरू

**ठूलो समस्यालाई सानासाना समस्यामा विभाजित पारौं र सजिलै समाधानको उपाय गरौं ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# ज्येष्ठ नागरिक र हामी

**ज्येष्ठ नागरिक सङ्घ गठन भएर देशभर चलायमान बनेपछि नेपालमा पनि अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाउन थालिएको हो । यो दिवस नेपालमा बितेका दुई वर्षदेखि मनाउन थालिएको र पुस ११ गते अर्थात् डिसेम्बर २७ तारिखका दिन तेस्रो अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाइएको हो । नेपालमा ज्येष्ठ नागरिकहरू सङ्गठित भएको लामो समय भएको छैन । ०६८ साल पुसमा राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घ गठन भएको थियो । नेपालमा पछिल्लो चरणमा ०७८ सालमा भएको जनगणनानुसार कुल जनसङ्ख्याको नौ प्रतिशत अर्थात् २५ लाख ज्येष्ठ नागरिक छन् । जनगणनामा सरकारले ६० वर्ष उमेर पुगेकालाई ज्येष्ठ नागरिकमा गणना गरेपनि आर्थिक समस्याका कारण उनीहरूलाई दिने समाजिक सुरक्षा भत्ता भने ६८ वर्ष तोकेको छ । यस अघि समाजिक सुरक्षाभत्ता नेपालमा ०५२/०५३ सालमा तत्कालीन भरतमोहन अधिकारी अर्थमन्त्री छँदा रु एक सयबाट शुरू भएको थियो र ७५ वर्ष उमेर पुग्नुपर्ने प्रावधान थियो । त्यसपछिका समयमा सामाजिक सुरक्षा भत्ताको रकम वृद्धि हुँदै गयो र अहिले मासिक चार हजार पुगेको छ भने उमेर हद पनि घटाएर ६८ वर्ष राखिएको छ।**

**ज्येष्ठ नागरिकहरू व्यावहारिक ज्ञानको अमूल्य भण्डार र इतिहासको साक्षात प्रतिमूर्ति हुन् तर उनीहरू शान्तिपूर्वक र सम्मानजनकरूपमा बाँच्नको लागि गम्भीर चुनौतीको सामना गरिरहेका छन् । यस्ता चुनौतीहरू आर्थिक, भौतिक, स्वास्थ्य, सामाजिक र मनोवैज्ञानिकरूपमा देख्न सकिन्छ । रोजगार टुट्नु, आम्दानी घट्नु, आर्थिक असुरक्षा बढ्नु आर्थिक चुनौती र कमजोर स्वास्थ्य र स्वास्थ्य सेवाको कमी, पोषणयुक्त भोजनको अभाव, स्वास्थ्य चुनौती र उचित आवासको अभावलगायत कुरा भौतिक चुनौती हुन्। त्यस्तै मान मर्यादामा आउने कमी, अरूबाट हेलचेक्रयाइँपूर्ण व्यवहार हुने, सामाजिक बहिष्करण तथा हेलाहोचो भोग्नुपर्ने जस्ता कुरा सामाजिक तथा मनोवैज्ञानिक चुनौती हुन् । ज्येष्ठ नागरिकहरूको माग र खास किसिमको आवश्यकता सम्बोधन गर्न परिवार, सन्तान र समाजसमेतको कर्तव्य हो । ज्येष्ठ नागरिकको सबै मानवीय आवश्यकता पूरा भई शान्त र मर्यादित जीवन जिउन पाउने हकको सम्मान, संरक्षण र परिपूर्ति गर्नु राज्यको दायित्व हो। यसले ज्येष्ठ नागरिकहरूलाई सुरक्षित र खुशी राख्नेछ। तर व्यवहारमा ज्येष्ठ नागरिकहरू घरपरिवार र समाजमा अपहेलित, शोषित भई आधारभूत आवश्यकताको उपभोग गर्नबाट वञ्चित भईरहेको अवस्था छ । ज्येष्ठ नागरिकको हकहितसम्बन्धी राष्ट्रिय नीति, स्रोतसाधनको विनियोजन र संरक्षणका तरीकाहरू ज्यादै नगण्य छन् जुन कुरा ज्येष्ठ नागरिकहरूको ठूलो चासो र सरोकारको विषय भएको छ ।**

**यद्यपि बढ्दो अवस्थामा रहेका ज्येष्ठ नागरिकलाई सम्बोधन गर्ने राज्यको पर्याप्त कार्यक्रम, स्रोत साधन र ज्येष्ठ नागरिक मैत्री विभिन्न कार्यक्रमको अभाव तथा ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभव राष्ट्रले उपयोग गरी नयाँ पीढीमा हस्तान्तरण गर्न नसक्नु, संयुक्त परिवारबाट एकल परिवारको प्रथाले स्थान पाउनु र सन्तानले बाबुआमाप्रति पूरा गर्नुपर्ने दायित्व वहन र हेरचाहमा ह्रास आउनु, बुढ्यौलीमा लाग्ने विभिन्न रोगको समयमा निदान र उपचारको यथोचित व्यवस्था नहुनु, समाजले ज्येष्ठ नागरिकप्रति गर्नुपर्ने श्रद्धा, सम्मान र सकारात्मक सम्बोधनमा ह्रास आउनु, दीर्घकालीन योजना, नीति, कानून नियमको उपयुक्त र प्रभावकारी सरकारी कार्यक्रमको अभावजस्ता चुनौतीहरू हामीबीच छन् ।**

# संविधान संशोधनको अपरिहार्यता

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

**संविधान केवल वकिल वा कानून र राजनीतिका जानकारहरूले बनाएको दस्तावेज मात्र होइन, यसमा मानवीय संवेदना र चाहनाको पनि सम्बोधन भएको हुनुपर्छ । संविधानको दिशा र लक्ष्य प्रस्ट छैन भने यो केवल शब्दहरूको जङ्गल मात्रै साबित हुनेछ ।**

नेपालको संविधान निर्माण र त्यसको अभ्यासको इतिहास जति छोटो छ, त्योभन्दा पनि अल्प छ सुधार र संशोधनको कथा। संविधानमा सामयिक सुधार र संशोधन भनेकै त्यसको निरन्तरता र स्थिरताको निम्ति आवश्यक परिमार्जन गर्नु हो। त्यसको अभावमा संविधान, पोखरीमा जमेको पानीजस्तो हुन्छ। जबकि यो अविरल बगिरहने नदीको पानीजस्तो हुनुपर्छ । संविधान जनताको चाहना र समयको माग अनुसार हुन सकेन भने त्यसले समाजमा हुर्किरहेका महत्त्वाकाङ्क्षा तथा अधैर्यशील नयाँ पुस्ताको आवश्यकता र खाँचो पूर्ति गर्न सक्दैन। अनि संविधान सुधारको होइन परिवर्तनको माग उठ्न थाल्छ। अग्रगमन र प्रतिगमनको आरोप प्रत्यारोप लाग्न थाल्छ।

यो नेपाल मात्र होइन, गतिशील समाज विकासको दिशामा अग्रसर विश्वका सबै देशको परिवर्तनले स्थिरता प्राप्त गर्ने क्रममा अनिवार्य झेल्नुपरेको व्यथा–कथा हो। त्यही क्रममा धेरै देशमा रक्तपातपूर्ण प्रतिक्रान्ति भएका छन् र पहिलेभन्दा बढी बलिदान दिनुपरेको इतिहास छ । नेपालले संविधानको मामिलामा विचित्रको अनुभव आर्जन गरेको छ।

२००४ सालको पहिलो संविधान, लागू नहुँदै खारेज भयो। २०१५ सालको संविधानमा पनि एउटा संशोधन नभई पुस १ गते अकाल मृत्युवरण गर्नुपरेको थियो। त्यसपछि २०१९ सालमा आएको पञ्चायती संविधानले तीनपटक संशोधन बेहोर्‍या। त्यो पनि पञ्चायत व्यवस्थामाथि लादिएको कलङ्क मेटेर जनताबाट अनुमोदित व्यवस्था कहलाउने राजा वीरेन्द्रको चाहना अनुसार जनमत सङ्ग्रह भएको र त्यसमा पञ्चायत व्यवस्थालाई जिताएर तेस्रो संशोधन भएको थियो। २०४६ सालको जनान्दोलनले त्यसको पनि अन्त्य गर्‍या र २०४७ सालको संसदीय व्यवस्थालाई संस्थागत गर्ने प्रयास गर्‍यो।

नेपाली काङ्ग्रेस, दरबार र कम्युनिस्टहरूका प्रतिनिधिको सहभागितामा बनेको त्यो संविधान पनि अल्पविराम र पूर्णविरामसम्मको संशोधनविना २०६३ सालमा खारेज भयो। नेपालको संविधान २०४७ लाई नेपालका कम्युनिस्टहरूले एशियाको सर्वोत्कृष्ट र नेपाली काङ्ग्रेसले त विश्वकै उच्च कोटीको संविधानको संज्ञा दिएका थिए। त्यो संविधान लागू भएको पाँच वर्ष पनि बित्न नपाउँदै नेकपा माओवादीले खारेजीको माग गर्दै एक दशक लामो सशस्त्र सङ्घर्ष गर्‍यो। नेपाल सद्भावना पार्टीले त शुरूदेखि नै यसमा संशोधनको माग गरिरह्यो। सशस्त्र सङ्घर्षमा उत्रेको नेकपा माओवादीले जननिर्वाचित संविधानसभामार्फत संविधान निर्माण हुनुपर्दछ भन्ने अडान लिएको थियो। संविधानसभाले संविधान बनायो नेपाल चाँडै इन्द्र र कुबेरको राजधानी बन्नेछ भनेर सपना देखाउने काम पनि भयो।

चीन, अमेरिका, बेलायत, नर्वे आदि मिलेर सङ्घीय गणतान्त्रिक धर्मनिरपेक्ष नेपालको संविधान बनाएको १० वर्ष पूरा नहुँदै फेरि त्यसको संशोधनको माग उठ्न थालेको छ। वर्तमान संविधान राजनीतिक समस्याको समाधान बन्न सकेन, उल्टो अर्को समस्याको कारण बन्न पुग्यो। त्यसैले यसको संशोधन आवश्यक मात्र होइन, अपरिहार्य नै भइसक्यो भन्ने सुझाव सत्ताधारी गठबन्धनकै दलहरूबाट आइरहेको छ। यसलाई मागको रूपमा पनि लिन सकिन्छ।

मधेसी दलहरूले त संविधान जारी भएदेखि नै यसको विरोध गर्दै आएका हुन् र संविधानमा संशोधनको माग गरिरहेका छन। हालै नेपाली काङ्ग्रेसका एक वरिष्ठ नेता विमलेन्द्र निधिले अहिलेको सङ्घीय शासन अन्तर्गत प्रदेश सरकारलाई प्रहरी र प्रशासक आफ्नै अधीन राख्ने अधिकार नदिएकोले त्यसका लागि पनि संविधान संशोधन चाहिएको सुझाव मात्र दिएनन्, काङ्ग्रेसले आगामी महासमितिको बैठकमा प्रस्ताव नै लैजानुपर्ने सुझाव दिएका छन् । मधेसमा नेपाली काङ्ग्रेसलाई थप बलियो बनाउन संविधान संशोधन गर्नुको विकल्प नभएको बताएका छन्।

समानुपातिक निर्वाचन प्रणालीको औचित्यमाथि प्रश्न उठिरहेकै बेला पूर्वमन्त्री, वरिष्ठ सांसद एवं जनता प्रगतिशील पार्टीका अध्यक्ष हृदयेश त्रिपाठीले धनुषामा आयोजित पत्रकार सम्मेलनमा वर्तमान समानुपातिक निर्वाचन प्रणालीले कुनै पनि दललाई एकल बहुमत प्रदान नगर्ने र गठबन्धन सरकारले निरन्तरता पाइरहने भएकोले समानुपातिक निर्वाचन प्रणाली खारेज गर्न र प्रत्यक्ष निर्वाचन प्रणाली पुनर्बहाल गर्न संविधान संशोधन गर्न सबै दललाई तयार रहन आग्रह गरेका छन्।

संविधान संशोधनको आवश्यकता त देशका ठूला एवं जिम्मेवार राजनीतिक दलहरूले पनि महसूस गरेका हुन् । खासगरी सरकार गठनको सम्बन्धमा रहेका धारा र उपधाराहरूमा संशोधन आवश्यक देखिएको छ। नेकपा एमालेका अध्यक्ष केपीशर्मा ओली दोस्रोपटक प्रधानमन्त्री भएका बेला उनले प्रतिनिधि सभा विघटन गरी नयाँ निर्वाचनको निम्ति गरेको सिफारिश राष्ट्रपतिद्वारा अनुमोदन र सर्वोच्च अदालतको त्यस धारा सम्बन्धमा व्याख्या र जारी परमादेश लगायत विषयले त्यति बेला पनि संविधान संशोधनको आवश्यकता औंल्याइसकेको थियो । बहुदलीय संसदीय व्यवस्थामा एउटा व्यक्तिले पनि, सरकार गठन गर्ने दाबी गर्नु र सरकार चलाउनु विश्वको आठौं आश्चर्य हो । नेपालका संविधान निर्माताहरूले देशमा राजनीतिक स्थायित्वको निम्ति यस्तो प्रावधान राखेका होइनन् । केवल मध्यावधि चुनाव रोक्ने बाटो खोजेका छन्। यसले झन् विकृतिलाई बढाएको छ। भागबण्डाको राजनीतिलाई बढावा दिएको छ। राजनीतिक दलहरूमा विभाजनको बीजारोपण गरेको छ।

संविधान संशोधनको आवश्यकता प्रत्यक्ष अथवा परोक्ष सबैले महसूस गरेका छन्। खासगरी नेपाललाई सनातन हिन्दू धर्मसापेक्ष राष्ट्र घोषित गर्नुपर्ने माग नेपाली काङ्ग्रेसमा चर्कोरूपमा उठ्दै आएको छ । नेपाली काङ्ग्रेसका पूर्व महामन्त्री शशाङ्क कोइरालाले पटकपटक यसको पक्षमा आफ्नो धारणा राख्दै आएका छन् र यसका निम्ति आवश्यक भए नेपाली काङ्ग्रेसले अग्रणी भूमिका निर्वाह गर्नुपर्ने धारणा राख्दै आएका छन्। नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउपाले पनि हिन्दू धर्मको विषयमा संविधान संशोधनको निम्ति विचार गर्न सकिने मनसाय व्यक्त गरिसकेका छन्। नेपाली काङ्ग्रेसका अन्य कतिपय नेताहरूले पनि संविधान संशोधनको पक्षमा समयसमयमा धारणा राख्दै आएका छन्।

नेपालमा जसरी इसाईकरण बढेको छ सरकारका मन्त्रीसमेत यसको पक्षमा वकालत गर्नु र धम्कीपूर्ण भाषा प्रयोग गर्नुले के पनि साबित गरेको छ भने नेपालमा कतिपय राजनीतिज्ञहरू आफ्नो निहित स्वार्थपूर्तिका लागि नेपालको गौरवशाली धर्म, संस्कृति, पहिचान र मान्यतालाई पनि तिलाञ्जली दिन सक्छन्। आफ्नो धर्म संस्कृति र पहिचानको महत्त्व नबुझ्ने राष्ट्रहरू इतिहासको पानामा सीमित भएका छन्। संसारमा सबैभन्दा बढी मुसलमान भएको देश इन्डोनेशिया अहिले पनि यस कुरामा गर्व गर्छ कि उनका पुर्खाहरू हिन्दू थिए र तिनको उपासना पद्धतिमा परिवर्तन आए पनि आफ्नो मूल सांस्कृतिक पहिचानलाई तिलाञ्जली दिन उनीहरू तयार छैनन्। अहिले पूरै विश्वमा सनातन धर्म–संस्कृतिप्रति आकर्षण बढेको छ । साउदी अरबजस्तो देशको पाठ्यपुस्तकमा पनि गीता र रामायणका अंश समावेश गर्ने काम भएको छ । नेपालले अहिले पनि विश्वमाझ आफ्नो सशक्त उपस्थिति जनाउन सक्ने माध्यम भनेको हिन्दू धर्म संस्कृतिको पहिचानबाटै हो । संविधान केवल वकिल वा कानून र राजनीतिका जानकारहरूले बनाएको दस्तावेज मात्र होइन, यसमा मानवीय संवेदना र चाहनाको पनि सम्बोधन भएको हुनुपर्छ। संविधानको दिशा र लक्ष्य प्रस्ट छैन भने यो केवल शब्दहरूको जङ्गल मात्रै साबित हुनेछ। नेपालमा संविधान संशोधनको तत्काल आवश्यकता छ, देशलाई हिन्दू धर्म सापेक्ष राष्ट्र बनाउनुको विकल्प छैन।

# वर्तमान नेपाल

मन्तव्य



कुमारबन्धु रुपाखेती

**यही लाचारी र लाछीपनाको फाइदा उठाउँदै छिमेकी दुई ठूला राष्ट्रले मात्र नभई, अन्यले समेत नेपाल र नेपालीलाई अबरा के मौगी झैं अन्टसन्ट व्यवहार गर्दै आएका छन् ।**

एकतन्त्री तानाशाही व्यवस्थामा गाथगद्दी ताक्नेलाई राजद्रोही भन्दै हदैसम्मको सजाय हुन्थ्यो। नेपालमा राणा र ब्रिटिश साम्राज्यको भारत यस मामिलामा अब्बल थिए । कमोबेस नेपालको राजतन्त्रसमेत गाथगद्दी ताक्नेहरू उपर कठोर देखिन्थ्यो। अब न नेपालमा एकतन्त्री शासन छ, न भारतमा ब्रिटेन। यी दुवै मुलुकमा अचेल देशद्रोही काम गर्नेहरूविरुद्ध देशद्रोहको कानून कडा बनाइएको छ। पञ्चायतकालमा प्रहरी बदनाम थियो । 'पहिले थुन अनि सुन' भन्ने नीति थियो । अचेल पनि प्रहरी बदनाम छ 'पहिले सुन अनि थुन' भन्छ। अर्थात् अपराधीको राजनीतिक पहुँच र सुख हेरेर कार्यक्रम तय हुन्छ रे ।

बिचरा प्रहरीमाथि दबाबैदबाब । आपराधिक काम कारबाईमा झन् माथिबाट हस्तक्षेप । अचेल त नेपालमा अपराधीको मर्यादाक्रम, सम्मान र श्रेणी विभाजन छ रे । नेपालगंजमा रिगल भन्ने गुण्डा मर्यादाक्रममा छोटा (सानो) भएकोले राष्ट्रपतिको लालमोहरको मसी सुक्न नपाउँदै कालकोठरीमा पुगे र अपराधको उच्च मर्यादाक्रममा रहेकाले रेशम चौधरी, बालकृष्ण खाँण, लक्ष्मी महतो कोइरी खुला साँढेझैं हिंडेका छन्। अब यसपछिको मर्यादाक्रममा आफताब आलम, रायमाझी र नजाने को–को कारागारमुक्त हुँदैछन्। श्रेणी विभाजनमा तल्लो स्तरको भएकाले सशस्त्रका पूर्व डिआइजी रञ्जन कोइराला चाउरिएर फेरि कारागार चलान भए। भनाइको तात्पर्य पहिलेको राजद्रोहभन्दा अहिलेको देशद्रोही कानून फितलो र कागजमा मात्र सीमित छ । अब एनसेललाई नै हेर्नुस् त्यत्रो ठूलो देशद्रोहबाट 'ले दही दे दही' स्तरमा मुक्ति पाउँदैछ। एक जमानाको भुले बिसरे नगमे झैं घटना मेरो मानसपटलमा ताजै छ। बहुदलवादी भन्दै वीरगंजका तत्कालीन डिएसपी पञ्च कुमारले ठाकुररामका एक हुल छात्रलाई गाडीमा राखी पथलैयाको जङ्गलमा निर्वस्त्र पारेर छाडिदिए । राजनीतिक पहुँचकै कारण, विभिन्न अपराधमा नाम जोडिंदा पनि वर्षमान पुन, बादल र कृष्ण महरासँग कसैले केरकार गर्न सक्यो ? प्रहरीको कारबाईको डण्डा त सानातिनामाथि मात्रै बर्सन्छ। राष्ट्रद्रोहस्तरको काम गर्ने हैसियत सांसद, मन्त्री, मन्त्रीका रिस्तेदारहरूसँग मात्र छ रे ।

भारतका पूर्व सेनाध्यक्ष मानक साहले सन् १९६६ मा पाकिस्तानसँग भिडन्तपछि यदि कोही मृत्युसँग डराउँदिनँ भन्छ भने कि त्यो पागल हो, कि गोरखा हो भनेका थिए। गोर्खा पल्टनको बहादुरीको मानक साह कायल थिए। भारतले होइन अङ्ग्रेज–भारतले हामीलाई बहादुरको उपमा दिएको हो । त्यसैले अहिले अमेरिका, युरोप, अस्ट्रेलिया, सिंगापुरका सेनामा समेत नेपाली भर्ना छन् । पुर्खाको त्यही बहादुरी प्रदर्शनको बाध्यताले रूस पुगेकाहरू विदेशी भूमिमा भाडाका सिपाही बनेको उराठलाग्दो अवस्था छ।

बहादुरको तक्मा भिरेको नेपाली सुरक्षाकर्मी फाँट भने नेताहरूको कठपुतली बन्न विवश छ। आफ्नो पराक्रम देखाउन असमर्थ छ। अहिले त सानालाई ऐन र ठूलालाई चयन, साधुलाई शूली चोरलाई चौतारो छ । यस्तै सुनौला अवसरको लुफ्त उठाउँदै नेपालमा प्रतिबन्धित मात्र होइन, उच्च राजस्व तिर्नुपर्ने सबै खाले वस्तुहरू विभिन्न नाकाबाट, तस्करीको माध्यमबाट सरेआम वारपार भइरहेको छ। भनिन्छ अस्थिर र कमजोर सरकार हुँदा र निर्वाचनका बेला नेपालमा तस्करहरू सक्रिय हुन्छन् । अहिलेको आत्मरतिमा व्यस्त सरकारको कमजोरी र लाचारी मैले व्याख्या गरिरहनु नपर्ला। सुन र लागू औषधको मूल प्रवेशद्वार त्रिभुवन विमानस्थल छँदैछ। कमजोर सरकारको निजामती सेवा, प्रशासनिक सेवा र जनता सबै कमजोर र लाचार नै हुन्छ। यही लाचारी र लाछीपनाको फाइदा उठाउँदै छिमेकी दुई ठूला राष्ट्रले मात्र नभई, अन्यले समेत नेपाल र नेपालीलाई अबरा के मौगी झैं अन्टसन्ट व्यवहार गर्दै आएका छन् । नेपाली संसद्मा प्रतिपक्षी दल सशक्त नभएकोले जन आवाज र जनभावना साँढेको जुधाई र बाच्छाको मिचाई अवस्थामा पुगेको छ। कसैको एकलौटी सरकार बन्न नसक्ने वर्तमान घिसापिटा राजनीति अवस्थाले गर्दा नेपाल र नेपालीको अवस्था धोबीका कुत्ता घर ना घाटका भन्दा तल्लो स्तरमा झर्ने देखिन्छ। डुबते को तिनके सहाराभैं झिनोमात्र पनि सम्भावना भए वर्तमान नेपालको राष्ट्र र राष्ट्रियता जगेर्ना गर्नेबारे नेपाली बुद्धिजीवीहरू बहादुरीका साथ तेरो मेरो नगरी एकजुट हुन अबेर हुँदैछ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## संकटमा सहकारीको अस्तित्व

सामूहिक बचत गरी सदस्यहरूबीच कर्जा परिचालन गर्ने सहकार्यको अवधारणाबाट विकसित भएको सहकारी अभियान अहिले सीमित व्यक्तिहरूको निहित स्वार्थका कारण सङ्कटमा परेको छ। सडक किनारामा बसेर मकै पोल्ने, ठेलामा साग बेच्ने, दिनभर अटोरिक्सा चलाउने, चिया, पानपसल गर्ने र किराना तथा फेन्सी स्टोर चलाउने सीपयुक्त आम नेपाली नागरिकले भविष्य सुन्दर बनाउने सपनासहित सङ्कलन गरेको रकम केही सञ्चालकहरूले एकै गाँसमा ङ्वाम पारेर फरार भएका अनेकौं उदाहरण छन्। यस्ता सञ्चालकहरू भाग्दा हजारौंहजार नागरिकको सपना अलपत्र पर्ने गरेको छ। राज्यको कमजोर नियमनका कारण रकम अपचलनका घटना दिन प्रतिदिन बढ्दै गएका छन्। हरेक दिनका हिसाबले महीनौं वा वर्षौं जम्मा गरेको रकम फिर्ता माग्न जाँदा चेक नसाटिएको र अझ सहकारीको सटर बन्द गरेर सञ्चालक बेपत्ता भएका समाचार प्रायः हरेक साता आउने गरेका छन्। विशेषगरेर समान भूगोल र समान उद्देश्य भएका सदस्यबीच सहकार्य स्थापना गरी स्वावलम्बन विकास गर्न सहकारी अभियानको शुरूआत भएको हो। सहकारीको अवधारणा, नियम र कानूनले पनि त्यही भन्छ। मुलुकको आर्थिक विकास र समृद्धिका लागि सहकारीको व्यवस्थापन तथा सञ्चालनमा सुशासन कायम गर्नु अहिले ठूलो चुनौती छ।

अर्थ-उद्योग-वाणिज्य

शीतल महतो
shitalmahato@gmail.com

**सहकारीको रकम अपचलन गरिरहेका सञ्चालकहरूलाई कानूनी कारबाईको दायरामा ल्याउनुपर्छ। सञ्चालकको बदमाशीले बन्द भएका वा चल्न नसक्ने अवस्थामा पुगेका सहकारी संस्थाका बचतकर्तालाई रकम फिर्ता गराउने वातावरण पनि बनाइदिनुपर्छ।**

अधिकांश सहकारीमा सञ्चालक समितिको चयन, कर्मचारीको नियुक्ति, आम्दानी खर्चको पारदर्शितामा समस्या देखिएको छ। सेयर सदस्यहरूको सदाशयता र विश्वासको गलत फाइदा उठाउँदै केही धूर्त व्यक्तिले सञ्चालकलगायत समितिमा परिवारका सदस्य वा नजीकका व्यक्ति राखेर मनलागी गर्ने क्रम बढेको पाइन्छ। पदाधिकारी चयन, अडिट प्रमाणीकरणजस्ता काइते एवं रकमी सिन्डिकेटका आधारमा अपारदर्शी साधारणसभाबाट कागजी प्रक्रिया पूरा गरी टाठाबाठाहरूको हैकम कायम राख्ने प्रवृत्ति मौलाउँदै गएको छ। सहकारीमा खर्चका विवरणाहरू वास्तविकताभन्दा पनि बिल भर्पाइ दुरूस्त राखी व्यक्तिगत लाभ लिने दुराशयका कारण सहकारीको सिद्धान्त र मर्ममाथि नै प्रश्न खडा गरिदिएको छ। सहकारी संस्थाका समस्या सार्वजनिक हुन थालेपछि सरकारले २०७० सालमैं पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा जाँचबुझ आयोग गठन गरेको थियो। तर आयोगले दिएका सुझाव कार्यान्वयनमा सरकारले कहिल्यै अग्रसरता लिएन। त्यही कारण राजनीतिक पहुँच बनाएका, व्यापार-व्यवसाय चलाइरहेका व्यक्तिहरूले सहकारी संस्था खोल्ने, आम नेपाली नागरिकबाट बचत सङ्कलन गरेर आफ्नो स्वार्थको क्षेत्रमा लगानी गर्ने प्रवृत्ति मौलाउँदै गएको देखिन्छ। राजनीतिक आडभरोसासमेत पाएका सञ्चालक रहेको सहकारीमा बचतकर्ता अन्यायमा पर्ने गरेका छन्। कमिशनमा कमाउने र चाकडीमा रमाउने प्रवृत्ति कतिपय सञ्चालकहरूको नियति बनिसकेको छ।

सहकारीका केही लोभीपापी सञ्चालकहरू जागीरे भएर आफ्नो सेवासुविधा बढाउनेजस्ता निन्दनीय र हास्यास्पद निर्णय गरेका घटनाहरू पनि सामान्य बन्दै गएका छन्। सहकारी सञ्चालनमा विधि र प्रक्रियासम्मत पारदर्शी कार्यशैलीभन्दा सामन्ती सोच र स्वार्थबाट प्रदूषित हुँदै जानु भविष्यका लागि शुभसङ्केत होइन। सहकारीमा देखिएका बेथिति नियमन गर्दै सुशासन कायम गर्न सम्बन्धित निकाय बेलैमा चनाखो नहुने हो भने बेथिति झन् मौलाउने निश्चित छ। यस्तो अवस्थामा सहकारीमा सुशासन आजको अपरिहार्य आश्यकता हो। आम नागरिकको प्रत्यक्ष जनजीवन र उत्पादनसँग जोडिएको सहकारी क्षेत्रको उत्थानमा सबै मिलेर लाग्नुपर्छ। यसमा सरकारको पनि दरिलो साथ र सहयोगको आवश्यक पर्छ। नेपालमा वित्तीय पहुँचमा २५ प्रतिशत हिस्सा ओगटेको सहकारी क्षेत्रले वाणिज्य बैंकपछि ठूलो कारोबार गर्दै आएको छ। तर, सहकारीको कारोबारलाई अनुगमन गर्ने नियामक निकाय नहुँदा संस्थाहरूले आफूखुशी लगानी गर्ने गरेका छन्। जसकारण सहकारी संस्थाहरू अप्ठ्यारोमा पर्ने गरेका छन्। नियमितरूपमा अनुगमन नभएका सहकारी संस्थाहरूले जोखिम मूल्याङ्कन नगरी जथाभावी लगानी गरेका छन्। सहकारी संस्थामा पूँजी दुरूपयोग रोक्न र पूँजीगत आधार बलियो बनाउन करीब दर्जन कोषको व्यवस्था गरिए पनि बहुसङ्ख्यक सहकारीले यसको पालना गरेका छैनन्। कोषको व्यवस्थापछि संस्था समस्याग्रस्त हुँदा एकातिर सदस्यहरूको बचत फिर्ताको सुनिश्चितता हुन्छ भने अर्कोतिर निश्चित प्रतिशत रकम विभिन्न कोषमा छुट्याउनुपर्ने भएकोले सञ्चालकले मनपरी रकम परिचालन गर्न नपाउने अवस्था रहेको छ।

त्यस्तै लगानीको विविधीकरण नभएको, जोखिम व्यवस्था नगरिएको, अनुत्पादक क्षेत्रको लगानी र पर्याप्त तरलता समेत नराखिएका कारण पनि सहकारी क्षेत्रमा समस्या आएको देखिन्छ। स्वेच्छिक तथा खुला सदस्यता, सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण, आर्थिक सहभागिता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालीम र सूचना, सहकारीबीच पारस्परिक सहयोग तथा समुदाय र वातावरणप्रति सहकारीका आधारभूत सिद्धान्त हुन्। सहकारीको जन्म गरीबी, असमानता र भेदभावविरुद्ध भएको हो। नेपालमा पछिल्लो समयमा सहकारीको सङ्ख्यात्मक वृद्धि तीव्र गतिमा भएको पाइन्छ। नेपालमा सहकारीको ठूलो सञ्जाल छ। मुलुकभर ३० हजारभन्दा बढी सहकारी संस्था छन् र तिनमा ७० लाखभन्दा बढी सदस्य छन्। सबै सहकारी संस्था समस्याग्रस्त छैनन्, कानून पालना गर्दै स्वनियमनमा चलेका सहकारी संस्थाहरूले राम्रा-राम्रा काम गरिरहेका पनि छन्। उद्यम गर्न चाहनेहरूलाई कर्जा प्रवाह गरेका छन्, सदस्यहरूले भविष्य सुरक्षाका लागि बचत गर्दै लाभ लिइरहेका छन्। सहकारी संस्था आफैंले उद्योग-व्यवसाय चलाएर रोजगार पनि दिइरहेका छन्। नियमनकारी निकायहरू सुस्ताउँदा यस्ता सहकारी संस्थाहरूसमेत बेथितिबाट सङ्क्रमित हुने जोखिम छ। सरकारी संस्थाको कार्यक्षेत्र अनुसार नियमन गर्ने दायित्व सङ्घ, प्रदेश र स्थानीय सरकारलाई हुन्छ। तर सहकारी संस्थाको बेथिति नियन्त्रणका लागि तीनै तहका सरकार उदासीन देखिन्छन्। यसले लाखौं बचतकर्ताको अर्बौं रकम जुनसुकै बेला जोखिममा पर्ने डर छ। हरेक सहकारी संस्थामाथि सम्बन्धित निकायले कडाइका साथ नियमन गर्न ढिला भइरहेको छ। संस्थाको नियमसम्मत सञ्चालनका लागि सदस्यहरू पनि उत्तिकै सचेत र सजग रहन जरूरी छ।

सहकारीको रकम अपचलन गरिरहेका सञ्चालकहरूलाई कानूनी कारबाईको दायरामा ल्याउनुपर्छ। सञ्चालकको बदमाशीले बन्द भएका वा चल्न नसक्ने अवस्थामा पुगेका सहकारी संस्थाका बचतकर्तालाई रकम फिर्ता गराउने वातावरण पनि बनाइदिनुपर्छ। सहकारी क्षेत्रमा आर्थिक (वित्तीय) व्यवस्थापनको विषय मात्र होइन, यतिखेर समग्र सामाजिक उत्तरदायित्व, आफ्ना मूल्य, मान्यता र सिद्धान्तलाई समेत जोगाउनु सहकारीका लागि चुनौतीको पहाड बनेर उभिएको छ। यस्तो विषम परिस्थितिबाट समग्र सहकारी क्षेत्रको संरक्षण, उत्थान, विकास र संवर्द्धन गर्दै सिङ्गो मुलुकको आर्थिक रूपान्तरणका लागि सम्पूर्ण सहकारी अभियान, नेतृत्वकर्ता, विभिन्न विषयगत सङ्घसंस्थालगायत राज्य नै एकजुट भएर लाग्नुपर्ने अहिलेको आवश्यकता छ। हुनत नेपालको आर्थिक समृद्धिका लागि सबैभन्दा महत्त्वपूर्ण र सशक्त क्षेत्र भनेको नै सहकारी हो। सहकारी क्षेत्रको माध्यमबाट नै छरिएर रहेका आम नेपाली नागरिकका पूँजी, श्रम, सीप र प्रविधिको उपयोग तथा उद्यमशीलताको उचित ढङ्गले विकास र विस्तार गरी मुलुकलाई आर्थिक रूपान्तरणको बाटोमा डोऱ्याउन सकिन्छ। त्यसैले ग्रामीण क्षेत्रमा रहेका आर्थिक विकासका सम्भावनायुक्त स्रोतहरूको पहिचान गरी त्यसको दिगो उपयोग कसरी गर्न सकिन्छ, त्यसबारे व्यापक अध्ययन, अनुसन्धान र खोजी गर्नुपर्दछ र त्यसै अनुरूप नीति एवं कार्ययोजना पनि बनाउनुपर्दछ।

सहकारीको मूल्य, मान्यता र सिद्धान्त विपरीत संस्था चल्नुलाई कुनै पनि हालतमा उचित मान्न सकिंदैन्। त्यस्ता गलत प्रवृत्तिका संस्थालाई समयमैं दण्डित गर्ने परिपाटीको विकास गर्नैपर्छ। सहकारी संस्थाको दर्तामा जोड दिने तर त्यसको निगरानीमा चासो नलिने प्रवृत्तिकै कारण समग्र सहकारी क्षेत्र अहिले विकृत भएको जस्तो देखिन्छ। सहकारी संस्थामाथि नियन्त्रण होइन, नियमन जरूरी छ। यसरी सहकारिता अभियानले नेपालको आर्थिक समृद्धिका प्रमुख आधार स्तम्भ बन्न सक्नेमा कुनै सन्देह छैन। तर यसका लागि तीनवटै तहका सरकार, राष्ट्रिय सहकारी सङ्घलगायत यससँग सम्बन्धित सम्पूर्ण सहकारी सङ्घसंस्था र निकायले एकीकृत र समन्वयात्मक ढङ्गबाट काम गर्न सकेमा सहकारी क्षेत्र नेपालको आर्थिक समृद्धिको मुख्य मेरुदण्ड बन्नेमा कुनै शङ्का छैन।



आलु गोडमेल गर्दै बाल बन्दीः बाँकेको डुडुवा गाउँपालिका- ६ असमानपुरस्थित जयेन्दु बाल सुधार गृहमा रहेका बाल बन्दीहरूले सुधार गृहभित्र रहेको घाँसे जमीन र खाली जमीनलाई हातले नै खनेर लगाएको आलु गाडमेल गर्दै। तस्बिर : रासस

## महोत्सवमय गण्डकी

गण्डकी, १२ पुस/रासस

'महोत्सवको पनि महोत्सव' भनिने लेखनाथ महोत्सव आठ दिनदेखि पोखरामा जारी छ। लेखनाथ उद्योग वाणिज्य सङ्घद्वारा आयोजित उक्त महोत्सव १९औं संस्करणसम्म आइपुगेको हो। सातौं बागलुङ महोत्सव बुधवारदेखि शुरू भएको छ। बागलुङ उद्योग वाणिज्य सङ्घले चार वर्षपछि सो महोत्सव आयोजना गरेको हो।



रेस्टुराँ एण्ड वार एसोसिएसन (रेवान) पोखराद्वारा अङ्ग्रेजी नयाँ वर्ष २०२४ का अवसरमा आयोजित २५औँ पोखरा सडक महोत्सवमा घुम प्रदर्शन गर्दै महोत्सवका सहभागी गुरूङ समुदायका महिलाहरू। तस्वीरः रासस

अङ्ग्रेजी नयाँ वर्ष २०२४ को छेकोमा पोखरास्थित फेवा किनारमा आजदेखि सडक महोत्सव शुरू हुँदैछ। रेस्टुरा एन्ड बार एसोसिएशन नेपाल (रेवान) पोखराले आयोजना गरेको २५औं संस्करणको उक्त महोत्सव पाँच दिनसम्म चल्नेछ। पोखरा उद्योग वाणिज्य सङ्घद्वारा आयोजित राष्ट्रिय औद्योगिक व्यापार मेलाले आफ्नो ३२औं संस्करण हालै पूरा गरेको छ।

युनाइटेड युवा क्लब १२औं संस्करणाको पोखरा महोत्सव आयोजनाको सँघारमा जुटेको छ। पोखरा महोत्सव यही पुस २६ गतेदेखि माघ ८ गतेसम्म सञ्चालन हुनेछ। यही पुस १९ गतेदेखि स्याङ्जा आँधीखोला महोत्सव शुरू हुँदैछ। स्याङ्जा चेम्बर अफ कमर्सले आयोजना गर्ने उक्त महोत्सव आगामी माघ २ गतेसम्म चल्नेछ।

माघे सङ्क्रान्ति पर्व पारेर म्याग्दीको बेनी, बागलुङको जैमिनी र पोखराको ढुङ्गेसाँघुमा ठूलो मेला लाग्दैछ। यी मेला इतिहास र परम्परासँग जोडिएका छन्। चाडपर्वका याममा गाउँघरमा आयोजना गरिने ससाना मेला, उत्सवले पनि उस्तै रौनक थपिरहेका छन्। यसै पनि हिउँद मेला-महोत्सवको याम हो।

दुई वर्ष अघिसम्म कोभिड-१९ महामारीले मेला-महोत्सव ठप्प थिए। महामारी अन्त्यपछि मेला-महोत्सवको लहर नै चल्न थालेको हो। यस्ता मेला-महोत्सवको अगुवाइ गर्नेमा व्यवसायी र पर्यटनसम्बद्ध सङ्घसंस्था, स्थानीय क्लबलगायत छन्। स्थानीय उत्पादन, खेल, कला, संस्कृति, पर्यटन र व्यवसाय प्रवर्द्धनको ध्येय राखेर महोत्सव हुने गरेका छन्।

मुलुक आर्थिक मन्दीको मारमा परिरहेका बेला मेला-महोत्सवले स्थानीय अर्थतन्त्र चलायमान बनाउन मदत पुग्ने गरेको व्यावसायिक क्षेत्रका अगुवा बताउँछन्। महोत्सवमा हुने किनमेल र बन्द व्यापारले थोरै भए पनि व्यवसायीले राहत महसूस गर्न पाएका छन्। पोखरा महोत्सवको आयोजक युनाइटेट क्लबका अध्यक्ष राजु श्रेष्ठले पर्यटन प्रवर्द्धनका साथै आर्थिक गतिविधिमा मेला-महोत्सवले टेवा पुऱ्याउने बताए।

"महोत्सवले स्थानीय अर्थतन्त्र चलायमान हुन्छ, दर्शकले पनि स्वस्थ मनोरञ्जनको लाभ लिन पाउँछन्"-उनले भने-"कोरोना महामारी र आर्थिक मन्दीले थलिएको व्यवसाय क्षेत्रलाई थोरै भए पनि राहत पुगेको छ।" महोत्सवबाट नाफाघाटा मात्र नसोचेर आयोजकले सामाजिक उत्तरदायित्व पनि वहन गर्दै आएको उनले बताए।

विगतका महोत्सवको आम्दानी सेती नदीको संरक्षण, चिडियाखाना निर्माण र पर्यटन प्रवर्द्धनमा खर्च गरेको क्लबले यसपालिको महोत्सवबाट बचेको रकम न्यून आय भएका परिवारका बालबालिकालाई लक्ष्य गरी आवासीय छात्रावास निर्माणमा खर्च उद्देश्य लिएको छ।

लेखनाथ महोत्सवको प्रचारप्रसार उपसमितिका संयोजक उपेन्द्रराज सुवेदीले बुधवारसम्म उक्त महोत्सवमा झन्डै रु पाँच करोड दस लाख बराबरको कारोबार भएको बताए। यही पुस ५ गतेदेखि चलिरहेको महोत्सवलाई हालसम्म दुई लाख १५ हजार बढी दर्शकले अवलोकन गरेको उनको भनाइ छ। आयोजकले महोत्सवबाट रु ९० लाख आम्दानी गर्ने र खर्च कटाएर रु दश लाख बचत गर्ने लक्ष्य लिएको छ।

महोत्सवमा औद्योगिक उत्पादनको प्रदर्शनी, घरेलु तथा हस्तकला सामग्रीको प्रदर्शनी एवं बिक्री, शैक्षिक प्रदर्शनी, सूचना प्रविधिका सामग्रीको प्रदर्शन र बिक्री कक्ष राखिएको छ। महोत्सवमा तीन सय ३४ व्यावसायिक कक्ष रहेको संयोजक सुवेदीले जानकारी दिए। जातीय वेशभूषा, संस्कृति झल्काउने मौलिक झाँकी तथा नाच प्रस्तुत गर्ने गरिएको छ।

महोत्सवमा दैनिकरूपमा कलाकारको साङ्गीतिक प्रस्तुति भइरहेको छ। रमाइलो बाल उद्यान, प्रतिभा पहिचान, हाँस्यव्यङ्ग्य प्रहसन, कविता प्रतियोगिता, लोकदोहोरी प्रतियोगितालगायत लेखनाथ महोत्सवका आकर्षणका रूपमा रहेका छन्। यस्तै 'रेवान' पोखराले आयोजना गरेको सडक महोत्सवलाई लक्ष्य गरी फेवा किनारलाई सिंगारेर चिटिक्क पारिएको छ।

'सडकमैं खाऔँ, सडकमैं रमाऔँ' भन्ने आदर्श वाक्यसहित शुरू भएको सो महोत्सवलाई करीब पाँच लाख दर्शकले अवलोकन गर्ने अनुमान गरिएको महोत्सवका संयोजक विश्वराज पौडेलले जानकारी दिए। विभिन्न जातजातिका सांस्कृतिक कार्यक्रम, मौलिक वेशभूषा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खानाका परिकारको प्रदर्शन, लोकदोहोरी प्रतियोगिता, सडक नाटक, झाँकी प्रदर्शन, रात्रिकालीन 'कन्सर्ट'लगायत महोत्वका मुख्य आकर्षण हुन्।

पोखराको पर्यटन विकास, प्रवर्द्धन र परिवर्तित समयमा पोखराको पर्यटनमा देखिएका अवसर र चुनौतीको विषयमा बहस कार्यक्रम पनि राखिएको आयोजकले जनाएको छ। स्वदेशी हस्तकला, चित्रकला, मूर्तिकला तथा कृषि, वनस्पतिलगायत कृषिउपजको प्रदर्शनीलाई पनि महोत्सवमा समेटिएको संयोजक

(बाँकी पाँचौं पातामा)

# पर्यटक आकर्षणको केन्द्र बन्यो पञ्चकोट

ढोरपाटन (बागलुङ), १२ पुस/रासस

बागलुङ बजारको शिरमा



तस्वीरः रासस

सर्वसिद्धीधाम पञ्चकोट छ। समुद्री सतहबाट १७५० मिटरको उचाइमा रहेको पञ्चकोट एक दशक अगाडि भिरालो पहाड थियो। यहाँ पर्यटक भित्र्याउन धार्मिक संरचना निर्माण गर्ने योजना बनाउँदा कसैले पनि विश्वास गरेको थिएन। अहिले यो क्षेत्र गण्डकी प्रदेशकै उत्कृष्ट धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास भएको छ। आँखै अगाडि देखिने हिमशृङ्खला, अग्ला पहाड र यहाँबाट देखिने अनगिनती मनमोहक दृश्यले आगन्तुकलाई आकर्षित गरिरहेको छ। मुक्तिनाथ पीठाधीश्वर स्वामी कमलानयनाचार्यको परिकल्पनामा बनेको पञ्चकोटमा अहिले थुप्रै धार्मिक संरचना बनेका छन्। जसले बर्सेनि हजारौं आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने गरेको छ।

विसं २०७२ मा तत्कालीन प्रधानमन्त्री एवं नेपाली काङ्ग्रेसका सभापति सुशील कोइरालाले शिलान्यास गर्दा भिरैभिर रहेको पञ्चकोटमा अहिले शीशमहल, गण्डकीमाताको मन्दिर, यज्ञशाला, हनुमानको विशाल मूर्तिलगायत दर्जनौं धार्मिक संरचना बनिसकेका छन्। विभिन्न दाताको सहयोग, महायज्ञबाट सङ्कलन भएको रकम र सरकारबाट भएको करोडौंको लगानीले अहिले पञ्चकोट देशभर चर्चित छ।

बागलुङ नगरपालिका–६ मा पर्ने पञ्चकोट बागलुङ बजारदेखि छ किलोमिटर उत्तरमा पर्छ। बजारबाट नजीक र सहजरूपमा पुग्न सकिने हुँदा दैनिक सयौं पर्यटक यहाँ आउने गरेका छन्। बागलुङ बजारबाट २० मिनेट गाडीको यात्रामा पञ्चकोट पुग्न सकिन्छ। नजीकै बागलुङ कालिका र शालिग्राम सङ्ग्रहालय रहेको हुँदा यहाँ आउने पर्यटक पनि पञ्चकोटमा उक्लने गरेका छन्।

पछिल्लो समय मुस्ताङको मुक्तिनाथ, म्याग्दीको गलेश्वरलगायत ठाउँमा पुग्ने धार्मिक पर्यटक यहाँ आउन थालेपछि चहलपहल बढेको पाइन्छ। हालसम्म पञ्चकोटमा रू ५० करोड लगानी भइसकेको छ। पर्यटकलाई आकर्षण गर्न र धार्मिक संस्कृति संरक्षणका लागि थुप्रै संरचना बन्ने चरणमा छन्। पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकले पञ्चकोटमा घुइँचो बढ्न थालेको सर्वसिद्धिधाम पञ्चकोट विकास परिषद्का अध्यक्ष दामोदर शास्त्री दाहालले जानकारी दिनुभयो।

दैनिक तीन सयदेखि चार सयसम्म पर्यटक आउने गरेकामा बिदा तथा विभिन्न चाडपर्वका बेला करिब एक हजार दुई सय बढी पर्यटक पुग्ने उहाँको भनाइ थियो।

"पञ्चकोटमा अहिले धेरै संरचना बन्ने चरणमा छन्, पहिले यहाँ आउने पर्यटक निकै कम भएकामा पछिल्लो समय प्रचार–प्रसार बढी भयो र देश–विदेशका पर्यटक आउने गरेका छन्, पर्यटक आउने दिन खाली हुँदैन, जहिले पनि आइराख्छन", अध्यक्ष दाहालले भन्नुभयो, "बजार नजिकै भयो, सडक पनि राम्रै छ, त्यही भएर पनि पर्यटक आउन सहज भएको हो, बिदाका दिन सबैभन्दा बढी पर्यटकको आगमन हुन्छ, पर्यटन प्रवर्द्धन र कलश निर्माणका लागि आगामी फागुनमा नेपालकै सबैभन्दा ठूलो र पहिलो महायज्ञ गर्न थालेका छौँ, त्यसका लागि तयारी भइरहेको छ।"

होटल व्यवसायी सङ्घका जिल्ला अध्यक्ष निलेश राजभण्डारीले पर्यटक आगमन बढेसँगै होटल व्यवसाय फस्टाउन थालेको बताउनुभयो। पञ्चकोट र मुस्ताङको मुक्तिनाथ जाने धार्मिक पर्यटकका लागि बागलुङ 'ट्रान्जिट प्वाइनट' भएको हुँदा पर्यटक बढ्दै गएको उहाँको भनाइ थियो। जिल्लाका पर्यटकीय क्षेत्रलाई थप व्यवस्थित गर्न र पर्यटकलाई एक रात बागलुङमै बस्ने वातावरण बनाउन जरूरी रहेको अध्यक्ष राजभण्डारीले बताउनुभयो। यस वर्ष पर्यटकको चाप बढेको अध्यक्ष राजभण्डारीको भनाइ थियो।

अध्यक्ष राजभण्डारीले भन्नुभयो, "बागलुङमा धेरै पर्यटकीय क्षेत्र छन्, पर्यटक पनि आउँछन्, पञ्चकोट, शालिग्राम सङ्ग्रहालय र बागलुङ कालिका नजिक भएकाले एकैपटक तीन धार्मिकस्थलको दर्शन गर्न सकिन्छ, पर्यटक आए पनि बागलुङमा कम बास बस्ने गरेका छन्, अहिले मुक्तिनाथ जाने तीर्थालु बढी बागलुङमा बास बस्ने गरेका छन्, अब बागलुङमा आएकालाई पनि कसरी हुन्छ बास बस्ने वातावरण बनाउनुपर्छ।"

देवघाटबाट घुम्न आउनुभएका दिपेश आचार्यले पञ्चकोट निकै मनमोहक रहेको बताउनुभयो। प्राकृतिक सौन्दर्यले भरिएको ठाउँमा आकर्षक र कलात्मकरूपमा बनेका संरचनाले आफूलाई आकर्षित गरेको उल्लेख गर्दै उहाँले सामाजिक सञ्जालमा फोटो तथा भिडियो देखेर आफू परिवारसहित पञ्चकोट दर्शनका लागि आएको जानकारी दिनुभयो। पञ्चकोटमा आएका बेला एकैपटक तीनवटा धार्मिक क्षेत्रको दर्शन गर्न पाइएको उहाँको भनाइ थियो। एकै ठाउँमा आधा घण्टाको दूरीमा यति धेरै धार्मिकस्थल कमै ठाउँमा रहेको आचार्यले बताउनुभयो।

"बागलुङ कालिकामा धेरैपटक आएको थिएँ, शालिग्राम सङ्ग्रहालय र पञ्चकोट आउन पाएको थिइनँ, धेरैले पञ्चकोट पुग्नुपर्छ भन्ने गर्थे, मलाई यति रमाइलो ठाउँ होला भन्ने लागेको थिएन, आएपछि यहाँको वातावरण र बनेका मन्दिर, सिसमहलले लोभ्यायो", उहाँले भन्नुभयो, "एकपटकले मेरो धोको पुगेन, फेरी गर्मी याम शुरू भयो भने परिवारसहित नै आउने भनेका छौँ, हिमाल पनि नजिकैबाट देख्न पाइँदोरहेछ, गाउँघर पनि रमाइला देखिँदा रहेछन्।"

# युवालक्षित नवप्रवर्तनलाई प्राथमिकता दिन निर्देशन

काठमाडौं, १२ पुस/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले युवालक्षित नवप्रवर्तनलाई



तस्वीरः रासस

उच्च प्राथमिकता दिएर काम गर्न उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिएका छन्।

सिंहदरबारमा आज भएको उद्योग मन्त्रालयसँग सम्बन्धित छलफलमा उनले नवप्रवर्तनशील सोच र जोश भएका युवामा उद्यमशीलता प्रवर्द्धन गर्न 'बिजनेस इन्कवेशन सेन्टर'का माध्यमबाट सातै प्रदेश केन्द्रित व्यवसाय प्रवर्द्धन अभियान सञ्चालन गर्न निर्देशन दिए।

प्रधानमन्त्रीले भने–"नवप्रवर्तन कोष परिचालन गरी कम्तीमा २० हजार युवाको नवीनतम सोचलाई वस्तु र सेवा उत्पादनमा जोड्ने तथा स्वरोजगार, नवप्रवर्तन र विभिन्न व्यवसाय सिर्जना गर्ने रोजगार मापनका लागि 'जबमिटर' व्यवस्था गर्न विशेष योजना तयार गर्नुहोला।"

प्रधानमन्त्रीले कूटनीतिक निकायलाई उद्योग तथा वाणिज्य प्रवर्द्धनमा केन्द्रित गर्न जोड दिँदै त्यसका लागि आवश्यक योजना, संयन्त्र र कार्यक्रम बनाएर अगाडि बढ्न निर्देशन दिए।

उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले उद्योग तथा वाणिज्य प्रवर्द्धनका लागि विनियोजित रकम थोरै हुँदा निर्धारित कार्यक्रम सञ्चालन गर्न बाधा पुगेको बताउँदै त्यसका लागि एकीकृत समाधान खाज्न जोड दिए।

मुख्यसचिव डा वैकुण्ठ अर्यालले प्रधानमन्त्रीले गरेका राष्ट्रका नाममा सम्बोधनमा समेटिएका विषय कार्ययोजना बनाएर कार्यान्वयनमा जान निर्देशन दिँदै अब उप्रान्त मन्त्रालयगत आँकडाका आधारमा मूल्याङ्कन हुने बताए। साथै उनले औद्योगिक क्षेत्र घोषणा गरिएका क्षेत्रलाई प्राथमिकता दिएर काम गर्न सचिवहरूलाई निर्देशन दिए।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव नारायणप्रसाद शर्मा दुवाडीले मन्त्रालयको अवस्था, प्रगतिको स्थिति, चुनौती र आगामी कार्यक्रमको प्रस्तुति पेश गरेका थिए। उनले नयाँ नीति, योजना, कार्यक्रम र बजेटबीच तादाम्य आवश्यक रहेको, अन्तर्निकाय समन्वय प्रभावकारी नहुँदा नीतिमा एकीकरण र कार्यक्रम छरिएको अवस्था रहेको बताउँदै उद्यमशीलता प्रवर्द्धन, लघु घरेलु तथा साना उद्योगको स्तरोन्नति, औद्योगिक तथा व्यापार पूर्वाधार विकास, कर्मचारीको क्षमता अभिवृद्धि र नवप्रर्वतनमुखी कार्यक्रममा मन्त्रालय केन्द्रित भएको बताए।

द्विपक्षीय एवं बहुपक्षीय फोरममा नेपालको उद्योग तथा वाणिज्य प्रवर्द्धनका निम्ति पैरवी गर्न जोड दिंदै सचिव दुवाडीले युवाका निम्ति 'उठौँ नेपाल अभियान' नाराका साथ नवप्रवर्तन व्यवसायको अवधारणा अगाडि सारिएको, वातावरणीय प्रभाव मूल्याङ्कनका लागि समयसीमा तोक्नुपर्ने, प्रधानमन्त्रीको पदावलीबाट सञ्चालित कार्यक्रमलाई एकीकृत गर्नुपर्ने, सुपथ मूल्य पसल बाह्रै महीना सञ्चालन गरी मूल्य नियन्त्रण गरिने बताए।

(बाँकी पाँचौं पातामा)

# सुन्तलाखेती मास्दै एभोकाडो लगाउँदै इलामका किसान

मनोज अधिकारी

इलाम, १२ पुस/रासस

इलाममा एभोकाडो खेतीप्रति किसानको आकर्षण बढ्दै गएको छ। थोरै मिहेनतमा धेरै आम्दानी लिन सकिने भएपछि जिल्लाका किसान यस खेतीतर्फ आकर्षित भएका छन्। माइजोगमाई गाउँपालिका–५ सोयाङका लक्ष्मण खत्रीले १२ रोपनी क्षेत्रफलमा एक सयभन्दा धेरै एभोकाडो लगाएका छन्। "तीन वर्ष भएका बिरुवाले सामान्य उत्पादन दिन शुरू गरेको छ, दुई वर्ष पुराना बिरुवा धेरै छन्, गत वर्ष लगाएका बिरुवा भर्खर सर्दैछन्"–उनले भने।

जिल्ला सदरमुकामका खगेन्द्र देवानले इलाम बजार नजीकैको सुन्तलाबारीमा एभोकाडो खेती गरेका छन्। धेरै सुन्तला फलेकोले सुन्तलाबारी नाम रहेको उक्त गाउँमा हाल सुन्तला मासिएर एभोकाडोको पहिचानले कब्जा जमाउन थालेको उनी बताउँछन्। "सुन्तला विस्थापित भयो, नयाँ फलका रूपमा एभोकाडो खेती शुरू गरेका छौं, एउटै बोटबाट एक क्विन्टलसम्म उत्पादन हुन्छ"–उनले भने–"एउटै झ्याङमा ८० हजारको एभोकाडो फलेको तथ्याङ्क छ।"

यहाँका अधिकांश किसानले सुन्तलाबारी मासेर एभोकाडो खेती गर्न थालेका छन्। करीब २० रोपनी क्षेत्रफल जमीनमा अढाइ सय बिरुवा रोपिएको देवानले जानकारी दिए। उनी भन्छन्–"कम स्याहारले नै उच्चतम आम्दानी लिन सकिने भएपछि सहज भएको छ।" नेपाली काङ्ग्रेसका महासमिति सदस्यसमेत रहेका देवान सामाजिक तथा राजनीतिक भूमिकाको अलावा कृषि कर्ममा समेत रमाउने गरेका छन्। "हामी राजनीति गर्नेले ढुक्क बसेर खेती गर्ने समय नहुँदो रहेछ तर एभोकाडोलाई त्यति धेरै समय दिनुपर्दैन, फुर्सदमा हेरचाह गर्दा मात्र पनि राम्रै उपार्जन छ"–उनले भने।

जिल्लामा यस वर्ष एभोकाडोको उत्पादन बढेको कृषि ज्ञान केन्द्र इलामले जानकारी दिएको छ। गत वर्ष ४१९.२२ मेट्रिक टन एभोकाडो उत्पादन भएको इलाममा यस वर्ष ४२२.५ मेट्रिक टन एभोकाडो उत्पादन भएको ज्ञान केन्द्रका प्रमुख टानी बर्देवाले जानकारी दिए। गत वर्ष ५५ हेक्टर जमीनमा खेती लगाइएको थियो भने यस वर्ष ६०.५ हेक्टर जमीनमा खेती गरिएको उनले बताए। उनका अनुसार गत वर्षको तुलनामा उत्पादकत्व भने घटेको छ। "गत वर्ष प्रतिहेक्टर ७.६३ मेट्रिक टन एभोकाडोको उत्पादकत्व थियो तर यस वर्ष प्रतिहेक्टर ७.३ मेट्रिक टन मात्र रहेको छ"–उनले भने।

नयाँ फलका रूपमा परिचित एभोकाडो पछिल्लो समय इलामका गाउँगाउँमा विस्तार हुँदै गएको माइजोगमाईका खत्रीले बताएका छन्। सो फलबाट किसानले मनग्ये आयआर्जनसमेत गर्न थालेको स्वयं किसानको भनाइ छ। एक दशक मलेशिया बसेर स्वदेश फर्केका खत्रीले गाउँको बाँझो जमीनमा लगाएको एभोकाडो खेती यहाँको हावापानीमा एकदमै फस्टाएको बताए।

एभोकाडो कात्तिक मङ्सिरमा नै पाक्ने भएकोले यसको बजार राम्रो भएको किसान बताउँछन्। शुरूमा रु तीन सय किलो बिक्ने एभोकाडोको बजार भाउ पनि तलमाथि भइरहन्छ। इलाम बजारमा हाल रु दुई सय प्रतिकिलो यसको खरीद बिक्री भइरहेको छ। "व्यापारीको दुःख छैन, बगानमैं आउँछन् र मुस्टमा दामकाम गरेर किन्छन्"–देवानले भने। हाल इलाममा उत्पादित एभोकाडो इलामको स्थानीय बजार तथा झापा तथा सुनसरीमा बिक्री भइरहेको किसान तथा निजामती कर्मचारी कृष्ण लिम्बूले बताए। उनका अनुसार हाल इलामसहित, झापा, सुनसरी काठमाडौंलगायत स्थानमा यसको बिक्री भइरहेको छ। बजारको समस्या नभएपछि पनि यस खेतीतर्फ किसानको आकर्षण बाक्लिएको हो।

दिउँसो अन्यत्रै काम गरेर भए पनि बिहान बेलुकाको समय निकालेर खेती गर्न सकिने यो फलबाट यस याममा मुख्य उत्पादन लिन सकिन्छ। दीर्घरोगीले समेत खान मिल्ने एभोकाडो फल लटरम्म फलेपछि एउटै बोटबाट राम्रो आम्दानी गर्न सकिने बताइएको छ। शुरूमा धनकुटाबाट ल्याएर रोप्न शुरू भएको एभोकाडो पछिल्लो समय प्रायः जिल्लाभर नै खेती विस्तार भइरहेको छ। कुनै लामो त कुनै डल्लो आकारको हुने एभोकाडो धेरै प्रजातिका हुने गरेका छन्। यसकै कुनै फल स्वादिष्ट त कुनै खास स्वाद नहुने गरेको उपभोक्ताको भनाइ छ।

दानाबाट यसको उत्पादन लिन सकिन्छ। रूखमा फल्ने यसको फल सामान्यतया दुई सय ग्रामदेखि एक किलोसम्मको हुने गर्दछ। भित्र दानो बीचमा खानयोग्य फल र बाहिर बोक्राले ढाकेको हुन्छ। त्यस्तै एभोकाडो सजिलैसँग रोप्न सकिने कारण कृषक यस खेतीमा तानिएको रोङ गाउँपालिका–५ जिर्मलेका किसान प्रेम राईले बताए। एभोकाडो खेती गर्दा क्षेत्रफल भने बढी आवश्यक पर्छ। एक रोपनीमा करीब छवटासम्म एभोकाडो रोप्न सकिने माइजोगमाईका किसान खत्रीको भनाइ छ। कात्तिक महीनामा टिप्न शुरू गरिने एभोकाडोको फल फागुनसम्म बोटमा राख्न सकिने इलामका किसान एवं राजनीतिज्ञ देवानले बताए। ठूला होटल, पर्यटक र शहर बजारका बासिन्दाले प्रायः एभोकाडोलाई मुख्य फलको रूपमा उपभोग गर्न थालेको होटल व्यवसायी नवीना कार्की बताउँछिन्।

यसमा भिटामिन र खनिजतत्त्व पर्याप्त मात्रामा पाइन्छ भने एभोकाडोको भित्री र बाहिरी भाग दुवै प्रयोग गर्न सकिन्छ। विज्ञका अनुसार, एउटा एभोकाडोमा ६४ क्यालोरी हुन्छ। यसमा छ ग्राम चिल्लो, तीन/चार ग्राम कार्बोहाइड्रेट, एक ग्रामभन्दा कम चिनी र तीन ग्राम फाइबर हुने गरेको छ। एभोकाडोमा भिटामिन 'सी, ई, के, बी' पाइने जनाइएको छ। राइवोप्लाविन, नियासिन, फोलेट, पयान्टोथेनिक एसिड, म्याग्नेसियम र पोटासियम पनि यो फलमा पाइन्छ। साथै बिटाक्यारोटिन र ओमेगा–३ चिल्लो एसिड पनि यसमा पाइन्छ। एभोकाडो पूर्णरूपमा स्वास्थ्यवर्धक मानिन्छ। यसले रगतमा ग्लुकोजको मात्र नियन्त्रण गर्न मदत गर्ने जनाइएको छ।

जिल्लामा उत्पादन भएको एभोकाडोलाई देशका विभिन्न ठाउँमा

(बाँकी पाँचौं पातामा)


## चिकित्सकहरुको विवरण

**शिशु तथा बालरोग**

चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा
१. डा. सागरमान अमात्य ५२१७९६ सर्वोत्तम अस्पताल
२. डा. अशोक दास ५३४४०३ आशाराम हस्पिटल, पानीटङ्की–१०
३. डा. आनन्दकुमार झा ०५१–५३०५२० दसतल्ले भवनको गेटनजिक, बिर्ता
४. डा. श्यामसुन्दर दास
५. डा. प्रवीण सिंह ९८११८४२९४६ ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज–४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. (श्रीमती) निकु मण्डल, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।

सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

## अन्तर्राष्ट्रिय समाचार

# लाइबेरियामा इन्धन ट्याङ्कर दुर्घटना, ४० भन्दा बढीको मृत्यु

मोनरोभिया, १२ पुस/एएफपी

मध्य लाइबेरियामा इन्धन बोकेको ट्याङ्कर ट्रक दुर्घटना हुँदा ४० जनाभन्दा बढीको मृत्यु भएको त्यहाँका प्रमुख चिकित्सा अधिकारीले स्थानीय सञ्चारमाध्यमलाई बताएका छन्।



ट्याङ्कर विस्फोट हुनु अघि ग्याँस लिन उत्ताउलो भीडलाई टाढाबाट नियालिरहेका मानिस। फोटो : एजेन्सी

राजधानी मोनरोभियाबाट करीब १३० किलोमिटर टाढा रहेको टोटोटामा पेट्रोल बोकेको ट्याङ्कर बुधवार दुर्घटनाग्रस्त भएर सडक नजीकैको खाडलमा खसेको थियो। त्यसपछि चुहिएको ग्याँस भर्न स्थानीय घटनास्थलमा जम्मा भएका थिए।

चिकित्सक फ्रान्सिस कातेहले स्थानीय प्रसारक सुपर बोन्जिज टिभीसँग भने–"पेट्रोलियम पदार्थ बोकेको ट्याङ्कर दुर्घटनाग्रस्त हुँदा ४० जनाभन्दा बढीको मृत्यु भएको अनुमान गरिएको छ।

घटनास्थलमा जलेका मानवीय अवशेष हेर्दा मर्नेको सङ्ख्या अहिले जानकारीमा आएकोभन्दा केही बढी हुन सक्छ। यसका लागि प्रहरीले घटनास्थलबाट मृत शरीर उठाउने र परीक्षणका लागि अस्पताल पुर्‍याउने काम गरिरहेको छ।"

उनले एएफपीसँग भने–"हाम्रो टोली घर–घरमा गएर हराएकाहरूको खोजी गरिरहेको छ।"

प्रहरीले यस अघि मृतकको सङ्ख्या १५ रहेको र स्थानीय बासिन्दा घटनास्थलमा भेला हुँदा कम्तीमा ३० जना घाइते भएका बताएको थियो।

लाइबेरिया राष्ट्रिय प्रहरीका प्रहरी नायब महानिरीक्षक प्रिन्स बी मुलबाहले भने–"त्यहाँ धेरै मानिस जलेका छन्। मृतकको सङ्ख्या तत्काल यति नै हो भन्न कठिन छ।"

अर्का प्रहरी अधिकारी मालिभन साकोरका अनुसार दुर्घटनापछि केही स्थानीयले चुहिएको ग्याँस भरिरहेका समय ट्याङ्कर विस्फोट हुँदा हताहत हुनेको सङ्ख्या धेरै पुगेको हो।

टोटोटाका एक प्रत्यक्षदर्शी आरोन मासाकोइले एएफपीसँग भने–"मानिसहरू ग्याँस लिन ट्रकमाथि चढेका थिए भने केहीले ट्याङ्करबाट ग्याँस निकाल्न फलामका रडले ट्याङ्की खोपेका र यसरी निस्केको ग्याँस आगोको सम्पर्कमा पुग्दा विस्फोट हुन पुगेको थियो।"

मासाकोइले भने–"ट्रकको चारैतिर मानिस थिए र ट्रकका चालकले उनीहरूलाई चुहिएको ग्याँस लिन सक्ने अनुमति दिएका थिए तर उनीहरूलाई ट्याङ्करमाथि नचढ्न र प्वाल नपार्न अनुरोध गरे पनि नमान्दा ठूलो मानवीय दुर्घटना हुन पुगेको छ। केही मानिसले ट्याङ्कीमा प्वाल पार्न स्क्रू ड्राइभर प्रयोग गरेका थिए।" रासस

# इजरायलको गोलान हाइट्समा ड्रोन दुर्घटना

जेरूसेलम, १२ पुस/एएफपी

इजरायली सेनाले बिहीवार इजरायलमा रहेको गोलान हाइट्सको एलियाड नजीकै ड्रोन दुर्घटना भएको जनाएको छ।

हमास लडाकू समूहसँग सम्बन्ध रहेको इराकी सशस्त्र समूहले आक्रमणको जिम्मेवारी लिएको छ।

इजरायली सञ्चारमाध्यमका अनुसार सिरियाबाट प्रक्षेपण गरिएको विस्फोटक पदार्थ बोकेको ड्रोन बुधवार साँझ एलियाड बस्तीको दक्षिणमा खसालिएको थियो।

इरान समर्थक सशस्त्र समूहहरूको कमजोर समूह इस्लामिक रेजिस्टेन्स इन इराकले एलियाडको दक्षिणमा रहेको 'महत्त्वपूर्ण लक्ष्य' मा 'उपयुक्त हतियार' प्रहार गरेको जनाएको छ।

इजरायलले अक्टोबर ७ मा १,१४० जनाको ज्यान जाने गरी भएको रक्तपातपूर्ण आक्रमणको बदलामा हमासलाई नष्ट गर्ने आफ्नो अभियानलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्दै आएको छ।

हमासको नियन्त्रणमा रहेको गाजास्थित प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयको पछिल्लो विवरण अनुसार इजरायलको बमवारी र स्थलआक्रमणमा परी कम्तीमा २१,११० जनाको मृत्यु भएको छ, जसमा अधिकांश महिला र बालबालिका रहेका छन्।

गाजामा युद्ध शुरू भएदेखि इराकमा इस्लामिक रेजिस्टेन्सले इराक र सिरियामा अमेरिकी र अन्तर्राष्ट्रिय गठबन्धन सेनाविरुद्ध भएका थुप्रै आक्रमणको जिम्मेवारी लिएको छ।

वाशिंगटनले अक्टोबर १७ यता इराक र सिरियामा आफ्ना सेनाविरुद्ध १०३ वटा आक्रमण भएको अमेरिकी सेनाका एक अधिकारीले बताएका छन्।

तीमध्ये अधिकांश आक्रमणको जिम्मेवारी इराकमा इस्लामिक रेजिस्टेन्स समूहले लिएको छ। उक्त समूहले हमासविरुद्ध युद्धमा इजरायललाई अमेरिकी समर्थनको विरोध गरेको छ।

यस समूहले अहिलेसम्म इजरायली हितविरुद्ध प्रत्यक्ष आक्रमणको दाबी गरेको छैन।

इजरायलले सन् १९६७ को अरब–इजरायल युद्धमा सिरियाबाट गोलान हाइट्सको केही भाग जितेको थियो भने सन् १९८१ मा उक्त क्षेत्र कब्जा गरेको थियो। उक्त क्षेत्रमा युद्ध गरेका ती मुलुकबीच युद्धविराम गर्दै शान्तिका लागि सम्झौता भएको थियो। यद्यपि यो सम्झौतालाई संयुक्त राष्ट्रसङ्घले मान्यता दिएको छैन। रासस

# नयाँदिल्लीस्थित इजरायली दूतावासमा अर्धसैनिक बल तैनाथ

नयाँ दिल्ली, १२ पुस/एएनआई

नयाँ दिल्लीस्थित इजरायली दूतावास बाहिर विस्फोट भएको सूचनापछि अर्धसैनिक बल दूतावास बाहिरको क्षेत्रमा तैनाथ गरिएको छ।

प्रहरीका अनुसार दूतावासमा दुई दिन पहिले विस्फोट भएको भन्ने खबर प्रहरीलाई आएपछि प्रहरी त्यहाँ पुगेको हो।

दूतावास क्षेत्र वरिपरि बिहीवार आवतजावत प्रतिबन्धित रहनुका साथै अर्धसैनिक बलहरूको तैनाथी भएको दृश्यहरू देखिएका छन्।

दिल्ली प्रहरीलाई मङ्गलवार चाणक्यपुरी कूटनीतिक क्षेत्रस्थित इजरायली दूतावास नजीकै 'विस्फोट' भएको फोन आएको थियो। तर अधिकारीहरूले घटनास्थलमा त्यस्तो केही नभेटिएको बताएका थिए। विस्फोट भएको सूचनासहितको फोन दिल्ली फायर सर्भिसले साँझ छ बजे प्राप्त गरेको थियो।

बुधवार घटनाको छानबिन गर्न राष्ट्रिय अनुसन्धान एजेन्सी (एनआइए) लाई खटाइएको थियो।

अनुसन्धानका लागि दिल्ली प्रहरीले सिसिटिभी फुटेज जाँचपछि दुईजना 'संदिग्ध' व्यक्तिलाई नियन्त्रणमा लिएको छ। यद्यपि अधिकारीहरूले उनीहरूको संलग्नता भने पुष्टि गरेका छैनन्।

स्रोतका अनुसार मङ्गलवार साँझ इजरायली दूतावास नजीकै घुमिरहेका दुई व्यक्ति 'विस्फोट' घटनाका शङ्कास्पद व्यक्तिका रूपमा देखा परेका छन्।

स्रोतका अनुसार 'सिसिटिभी फुटेजमा दुईजना व्यक्ति घटनाको समयमा उक्त क्षेत्रमा घुमिरहेका देखिन्छन्। घटनामा उनीहरूको भूमिका प्रस्ट हुन सकेको छैन। थप अनुसन्धानपछि उनीहरू घटनाको समयमा त्यस क्षेत्रमा के गर्दै थिए प्रस्ट हुनेछ।

प्रहरीले संदिग्ध व्यक्ति कसरी त्यहाँ पुगे र के गरे भन्ने पत्ता लगाउन वरपरका सिसिटिभी जाँच गरिरहेको छ। प्रहरीले उनीहरूको पहिचानको लागि पनि प्रयास गरिरहेको बताएको छ।

दिल्ली प्रहरीले मङ्गलवार साँझ 'विस्फोट' बारे जानकारी सम्बन्धमा इजरायल दूतावास नजीकै राजदूतलाई सम्बोधन गरेको पत्र फेला पारेको छ।

"इजरायली दूतावासलाई अङ्ग्रेजीमा लेखेको पत्रमा धम्कीपूर्ण शब्द प्रयोग गरिएको थियो। चिठ्ठीमा नाम लेखिएको समूह सर अल्लाह रेजिस्टेन्सको खोजी भएको स्रोतले बताएको छ। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – भयचिन्ता | वृष – विजय |
| मिथुन – धनलाभ | कर्कट – भाग्योदय |
| सिंह – बेचैनी | कन्या – धनलाभ |
| तुला – सफलता | वृश्चिक – प्रगति |
| धनु – वादविवाद | मकर – यात्रालाभ |
| कुम्भ – शत्रुभय | मीन – सुसमाचार |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

## युवालक्षित.......

छलफलमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठ, सदस्य डा रामकुमार फुयाँल, अर्थसचिव कृष्णहरि पुष्कर, प्रधानमन्त्री कार्यालयका सचिव एकनारायण अर्यालगायतले विषय केन्द्रित धारणा राखेका थिए।

# 'ब्लडमनी' तिरेर फर्केका सुवास भन्छन्–अब विदेश जान्नँ

झापा, १२ पुस/रासस

'ब्लडमनी' तिरेर घर फर्कन सफल कनकाई–४ का ३३ वर्षीय सुवास राउत वैदेशिक रोजगारका क्रममा बिताएका त्रासदीपूर्ण क्षण बिर्सन चाहन्छन्। किनकि, उनी अब स्वदेशमैं रोजगारको लयमा फर्केका छन्।

"अब विदेश जान्नँ", हालै स्वदेश फर्केका उनी भन्छन्–"गाउँकै पानी उद्योगमा सानो काम गर्न थालेको छु। भविष्य के–कस्तो होला भन्न सकिन्न, तर अब स्वदेशमैं गरिखाने हो।" पाँच वर्ष अघि कतार गएका उनलाई केही वर्षमैं साथी हत्याको झूटो आरोपमा अदालतले मृत्युदण्डको फैसला सुनायो। ब्लडमनीबापत रु ९० लाख तिर्नुपर्ने भनी अदालतले दिएको विकल्प पनि असम्भव जस्तै थियो।

मृत्युको मुखमा पुगिसकेका राउतलाई गाउँलेहरूले बचाएर एक महीना अघि स्वदेश ल्याएका छन्। गाउँलेले चन्दा उठाएर ब्लडमनी तिरेपछि मृतकका परिवारले उनलाई माफी दिएका थिए भने त्यसकै आधारमा अदालतले उनलाई स्वदेश फर्कन अनुमति दिएको थियो।

स्वदेश फर्केपछि उनी गाउँकै कनकाइ 'बेभरेज' नामक पानी उद्योगमा काम गर्न थालेका छन्। उनकी पत्नी कुमारी राउत घर निर्माणको काममा मजदूरी गर्दै आएकी छन्। राउत दम्पतीका एक छोरी र एक छोरा छन्। बाह्र वर्षीया छोरी र आठ वर्षीय छोरा स्थानीय विद्यालयमा क्रमशः सात र एक कक्षामा पढ्दैछन्।

**आर्थिक अवस्था दयनीय**

राउत परिवारको आर्थिक अवस्था दयनीय छ। खेती किसानी गर्ने जग्गा जमीन केही नभएका कारण छोराछोरी पढाउने र घरको गर्जो टार्ने उद्देश्यका साथ सन् २०१७ मा उनी कतार गएका थिए। कतारमा उनले पानी र फर्निचर उद्योगमा श्रमिकको काम गरे।

विदेशको आर्जन घर पठाउन थालेको केही अवधिमैं उनी जेल परे। त्यसपछि उनमा बाँचेर घर फर्किन पाइएला भन्ने आस नै मरिसकेको थियो। उनकी पत्नी कुमारी राउतले ज्याला मजदूरी गरेर छोराछोरीको पालनपोषण र पढाइको जोहो गरिन्। गाउँलेले सहयोग नजुटाएको भए परिवारले ब्लडमनी बुझाउने अवस्था नरहेको उनले बताइन्।

बस्नका लागि कनकाई–४ को एक कठ्ठा ऐलानी जग्गामा सानो भुइँघर छ। त्यसको धनीपुर्जा कहिले पाइने हो टुङ्गो छैन। "वडा कार्यालयमा जग्गाको धनीपुर्जा पाउँ भनेर निवेदन दिएका छौं"–कुमारी राउतले भनिन्।

उनले पति कतारको जेलमा परेपछि घर चलाउन रु चार लाख जति ऋणमा परेको बताइन्। सुवास कतारको जेलमा परेको खबर सुनेर आमा दुर्गामाया राउतको मृत्यु भएको थियो। आमाको काजकिरिया उनले स्वदेश फर्केर आएपछि गरे।

रोजगार दिने कनकाई बेभरेजका सञ्चालक किरण दवाडीले ब्लडमनी तिरेर आएलगत्तै आफूले रोजगार दिएको बताए। "विदेश जानुभन्दा पहिले पनि हाम्रो उद्योगमा काम गरेका थिए"–दवाडीले भने–"साह्रै सोझो र इमानदार हुनुहुन्छ। त्यस्तो मान्छेलाई अदालतले मृत्युदण्डको फैसला सुनाउँदा हामीलाई पत्यार लागेको थिएन। उहाँ निर्दोष हो भनेरै सबै गाउँलेहरू ब्लडमनी रकम सङ्कलन अभियानमा जुटेका थियौं।"

**यसरी सम्भव भयो पुनर्जीवन**

कतारस्थित आफ्नो डेरामा २०७६ सालको चैततिर साथीहरूको जमघटमा झगडा हुँदा खोटाङ जिल्लाको ऐंसेलुखर्क–५ का लामाकाजी राईको दुःखद निधन भएको थियो। राई र राउत एउटै कोठामा बस्ने अत्यन्त मिल्ने साथी थिए।

नुहाएर कोठामा आउँदा राईको शरीरमा छुरी गाडिएको अवस्था थियो भने अरू साथीहरू भागिसकेका थिए। साथी बचाउन खोज्दा लागेको फिङ्गर प्रिन्टका आधारमा अदालतले राउतलाई मृत्युदण्डको फैसला सुनाएको थियो।

कहिल्यै मदिरा नखाने र झैझगडा नगर्ने स्वाभावका राउतलाई यस्तो अभियोग लागेको विषयमा गाउँलेलाई पत्यार लागेको थिएन। कतारमा सम्पर्क गर्दा राउतले आफू निर्दोष रहेको बताएपछि कनकाई–४ का तत्कालीन वडाध्यक्ष गोविन्द पौडेलको संयोजकत्वमा बचाउने अभियान शुरू गरिएको थियो।

सोही अभियानले खोटाङ गएर मृतकको परिवारसँग सम्पर्क गरेको कनकाई–४ का वर्तमान वडाध्यक्ष रोशन सुवेदीले बताए। "अभियानका साथीहरूले मृतकका परिवारलाई भेटेर ब्लडमनीबापतको रकम रु १५ लाख बुझाउने सहमति गर्नुभयो"–वडाध्यक्ष सुवेदीले भने–"राउत निर्दोष थिए भन्ने कुरा राई परिवारलाई पनि महसूस भएको रहेछ। एउटा साथीको मृत्यु भयो, अर्को साथीलाई पनि किन जेलमा सडाउने भन्ने कोणबाट छलफल हुँदा राई परिवारसँग सहमति भएको हो।"



सुवास राउत

ब्लडमनी जुटाउन 'राउत बचाउ अभियान'ले स्वदेश र विदेशमा रहेका नेपालीबाट रकम सङ्कलन गरेको थियो। अभियानबाट रु २० लाख २४ हजार छ सय ५० सङ्कलन भएको र ब्लडमनी बुझाएर बचत रहेको रु दुई लाख ५० हजार स्थानीय कनकाई बालविकास केन्द्रलाई सहयोगबापत हस्तान्तरण गरिएको अभियानका सचिव किरण दवाडीले बताउ।

सुवासलाई मृत्युदण्डबाट बचाएर स्वदेश फर्काउन कनकाई नगरपालिका, स्थानीयवासी, एनआरएन, कतार दूतावासलगायतबाट सहयोग प्राप्त भएको कनकाइ नगरपालिकाका नगरप्रमुख राजेन्द्र पोखरेल बताउँछन्। "उहाँ निर्दोष हुनुहुन्थ्यो, त्यसैले ब्लडमनी जुटाएर फर्काउन केही सहज भयो"–नगरप्रमुख पोखरेल भन्छन्–"नत्र ब्लडमनी जुटाउन नसकेर विदेशको जेलमा अहिले पनि कष्टपूर्ण जीवन बिताइरहनुभएका थुप्रै नेपाली हुनुहुन्छ।"

तीन वर्ष तीन दिन कतारको जेलमा बसेर घर फर्केका सुवास राउतको स्वास्थ्य अवस्था अहिले सामान्य छ। उनी पानी उद्योगको नियमित कामकाजमा लागेका छन्। उनले आफ्नो स्वास्थ्यमा कुनै समस्या नभएको बताए।

## महोत्सवमय.........

पौडेलले बताए।

बुधवारदेखि शुरू भएको बागलुङ महोत्सवमा रु १० करोड बराबरको कारोबार हुने अनुमान गरिएको आयोजक बागलुङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष नरेश कँडेलले जानकारी दिए। यही पुस २१ गतेसम्म चल्ने महोत्सवको बुधवार राष्ट्रपति रामचन्द्र पौडेलले शुभारम्भ गरेका थिए।

उक्त महोत्सवमा १२० व्यावायिक र ३० वटा प्रवर्द्धनात्मक कक्ष रहेको आयोजकले जनाएको छ। लोकदोहोरी, भलिबल, भजन प्रतियोगिता, युवा उद्यमी सम्मेलनलगायत कार्यक्रमलाई महोत्सवमा समेटिएको अध्यक्ष कँडेलले बताए।

महोत्सवबाट मौलिक संस्कृतिको संरक्षण र जगेर्नामा पनि योगदान पुग्ने उनको भनाइ छ। जातजातिका मौलिक वेशभूषासहितका नाच र झाँकीले महोत्सवमा आकर्षण थप्ने गरेको छ। लोपोन्मुख र दुर्लभ संस्कृति महोत्सवमा देखाउन आयोजक आफैं पनि लालायित हुन्छन्।

पैसा खर्चेर भएपनि त्यस्ता सांस्कृतिक नाच र झाँकीलाई आयोजकले महोत्सवमा ठाउँ दिइरहेका हुन्छन्। डढुवा दुर्छी लमजुङ तमु समाज, पोखराका सचिव कृपाकुमार गुरुङले पोखरामा हुने हरेक महोत्सवमा गुरुङ संस्कृति देखाउने गरिएको बताए।

"मेला, महोत्सवले संस्कृति बचाएको छ, आयोजनस्थल पुग्ने गरेका छौं"–उनले भने–"पहिचान, संस्कार र संस्कृतिसँग गाँसिएको कुरामा मानिस रमाउँछ, चासोपूर्वक भाग लिन्छन्।"

## सुन्तला..........

प्रवर्द्धन गर्नका साथै प्रचारप्रसार गर्न र किसानलाई हौसला प्रदान गर्न कृषि ज्ञान केन्द्रले समन्वय र सहयोग गर्दै आएको छ।

बिरुवा रोपेको तीन वर्षदेखि नै उत्पादन दिन शुरू गर्ने र मूल्य पनि राम्रो पाइने भएपछि कृषक यसतर्फ आकर्षित भएका ज्ञान केन्द्रका प्रमुख बर्देवाले बताए। एभोकाडोको जुस बनाएरसमेत उपभोग गर्न सकिन्छ।

समुद्री सतहबाट २५०० मिटरसम्म यसको खेती गर्न सकिन्छ। बिरुवा रोपेको केही वर्षभित्रै उत्पादन दिने भएकोले यहाँका किसानले पाखोबारी, कान्ला र खोला छेउमा एभोकाडो रोपेर नियमित आम्दानीको स्रोत बनाउन थालेका छन्। चार नगरपालिका र छ गाउँपालिका भएको इलामका सबै स्थानीय तहमा एभोकाडोको आंशिक खेती हुन शुरू भएको ज्ञान केन्द्रले जनाएको छ।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०८०/८१

# बालुवा तस्करी गर्ने ५ ट्याक्टर नियन्त्रणमा

बलिराम शुक्ला, बिरूवागुठी १२ पुस/

वीरगंज महानगरपालिका अन्तर्गतको भेडाहा खोलाबाट अवैधरूपमा गिट्टी, बालुवा उत्खनन गरी ल्याउँदै गरेको अवस्थामा मिलनचोक प्रहरी चौकीले आज बिहान पाँचवटा ट्याक्टर नियन्त्रणमा लिएको छ।


तस्वीरः प्रतीक

इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामराजा केसरीले भेडाहा खोलाबाट गिट्टी, बालुवा लोड गरेको अवस्थामा ना ७ त ४२०५, ना ७ त ७०३, ना ६ त ७६५५, ना ७ त १२९६, प्र २०३-००१-४७४७ गरी पाँचवटा ट्याक्टर नियन्त्रणमा लिएको बताए। नियन्त्रणमा लिइएको ट्याक्टर कारबाईको लागि वीरगंज पठाउने तयारी भइरहेको प्रहरी निरीक्षक केसरीले बताए।

भदौ मसान्तदेखि बन्द भएको वीरगंज महानगरपालिका अन्तर्गतको भेडाहा खोला, पर्सागढी नगरपालिका अन्तर्गत पर्ने सिङ्गाही र कर्जनिहा खोलाहरूको ठेक्कामा ढिलाई हुँदा गिट्टी, बालुवाको तस्करीमा वृद्धि भएको र तस्करीको गिट्टी, बालुवा महानगरमा रहेका क्रसर उद्योगहरूले किन्ने गरेको बताइन्छ।

# १५ लाख मूल्य बराबरको मोबाइलसहित एकजना पक्राउ


तस्वीरः सौजन्य

प्रस, वीरगंज, १२ पुस/

जिल्ला प्रहरी कार्यालय, बाराले १५ लाख मूल्य बराबरको ५१ थान मोबाइलसहित एकजनालाई पक्राउ गरेको छ।

बारागढी गाउँपालिका-३ खोपवाका रूपनारायण चौधरीको घरमा छापामारी गरी विभिन्न कम्पनीका ५१ थान मोबाइल, ४८ थान चार्जर र ९ थान ब्याट्री बरामद गरी अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय, बाराले जनाएको छ।

# कपडा बरामद



प्रस, वीरगंज, १२ पुस/

वीरगंज महानगरपालिका-२४ बहुअरीस्थित एकजनाको घरबाट सशस्त्र प्रहरीले लाखौं मूल्य बराबरको कपडा बरामद गरेको छ। सूचनाको आधारमा प्रहरीले भारतबाट अवैधरूपमा भन्सार छली गरेर लुकाएर राखेको रु ५,८३,००० मूल्य बराबरको कपडा वीरगंज भन्सार कार्यालय बुझाएको सशस्त्र प्रहरी १३ नम्बर गणले जनाएको छ।


**प्लाष्टिकको प्रयोग नगरौं, वातावरण स्वस्थ राखौं**

- प्लाष्टिक चारसय वर्षस्म्म कुहिंदैन।
- यस्ले जमीन तथा जल प्रदूषण गर्दछ।
- प्लाष्टिकका भाडामा तातो खाद्य पदार्थ क्यान्सर जस्तो घातक रोग लाग्न सक्छ।
- प्लाष्टिक जलाउँदा वायुमण्डल प्रदूषित हुन्छ।
- खोलानाला वा समुद्रमा प्लाष्टिक परेपानी प्रदूषित हुन्छ।

त्यसैले प्लाष्टिको सट्टा कागज र कपडाले बनेको झोला प्रयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड







# खेलकूदको संसार

## प्रो क्लब टी-२० पर्सा-११ लाई हराए पनि सशस्त्र सेमिफाइनलमा प्रवेश पाएन

प्रस, वीरगंज, १२ पुस/

नारायणी रङ्गशालाको क्रिकेट मैदानमा जारी प्रो क्लब च्याम्पियनसीप टी-२० क्रिकेट प्रतियोगिताको क्वार्टरफाइनल चरणको खेल बिहीवार सकिएको छ।

अन्तिम क्वार्टरफाइनलमा सशस्त्र प्रहरीले पर्सा-११ लाई ८ रनले हराए पनि रनरेटको आधारमा सेमिफाइनलमा प्रवेश पाएन। सशस्त्रले पहिलो ब्याटिङ गर्दै निर्धारित २० ओभरको खेलमा नौ विकेट गुमाएर १२८ रन जोडेको थियो। प्रतिउत्तरमा पर्सा-११ निर्धारित २० ओभरको खेलमा सबै विकेट गुमाएर १२० रनमा सीमित रह्यो।

८ रनले आजको प्रतियोगितामा जीत हासिल गरेको सशस्त्र भने रनरेटको आधारमा सेमिफाइनल चरणमा प्रवेश पाएन। पर्सा-११ लाई ९७ रनमा सीमित गरेर जीत हासिल गर्नुपर्ने चुनौतीलाई उसले पूरा गर्न नसकेपछि क्वाटरफाइनलबाट छाटिएको छ।

शुक्रवार सेमिफाइनल चरणको दुईवटा खेल हुने आयोजक कमिटीले जनाएको छ। पहिलो सेमिफाइनल नेपाल आर्मी र पर्सा-११ तथा दोस्रो सेमिफाइनल भारतको वन्डर्स क्लब नोयडा र नेपाल पुलिसबीच हुनेछ। प्रतियोगिताको फाइनल शनिवार हुने जनाइएको छ।

## कोशीले सुदूरपश्चिमलाई हरायो

काठमाडौं, १२ पुस/रासस

प्रधानमन्त्री कप महिला ट्वान्टी २० राष्ट्रिय क्रिकेट प्रतियोगिता अन्तर्गत आज भएको खेलमा कोशी प्रदेशले सुदूरपश्चिम प्रदेशलाई आठ विकेटले पराजित गरेको छ।

सुदूरपश्चिमले दिएको ११९ रनको लक्ष्य कोशी प्रदेशले १७.४ ओभरमा दुई विकेट गुमाउँदै पूरा गऱ्यो। कोशीको जीतमा काजल श्रेष्ठ र कप्तान रूबिना क्षत्रीले उत्कृष्ट ब्याटिङ गरे। काजलले ४८ बलमा आठ चौकाको मदतमा ५४ रन बनाइन् भने रूबिनाले ५५ बल खेल्दै आठ चौकाको मदतमा ५१ रनको योगदान गरिन्। विमला मलाहले ४ रन जोडिन्।

सुदूरपश्चिमकी अनु कठायतले दुई विकेट लिइन्।

त्यस अघि कीर्तिपुरस्थित त्रिवि मैदानमा टस हारेर पहिले ब्याटिङ गरेको सुदूरपश्चिमले निर्धारित २० ओभरमा ३ विकेट गुमाउदै ११८ रनको योगफल बनाएको थियो। सुदूरपश्चिमको लागि बिन्दु रावलले सर्वाधिक ३३ रन बनाइन्।

त्यसैगरी सम्झना खड्काले २७ रन जोडिन् भने कविता जोशीले २६ रन बनाइन्। रेवती धामीले २० तथा रूबी पोडारले २ रन बनाइन्। बलिङतर्फ कोशी प्रदेशकी शबनम राई र अप्सरी बेगमले समान एक-एक विकेट लिएका थिए।

# जङ्गली जनावरबाट किसानहरू मारमा

प्रस, सेढवा १२ पुस/

जङ्गली जनावरका कारण जङ्गलको सीमासँग जोडिएका किसानहरूले दुःख भोग्नुपरेको छ।



पर्सा राष्ट्रिय निकुञ्ज तथा डिभिजन वन कार्यालयको जङ्गलबाट निस्केका जङ्गली जनावरहरूले किसानहरूले लगाएको बालीमा क्षति पुऱ्याउन थालेको किसानहरूले बताएका छन्।

यस क्षेत्रको ठोरी गाउँपालिका-गडुवालाइन, क्षत्रीलाइन, जीराभवानी गाउँपालिकाको शान्तिनगर, काठमाडौंटोल, वसन्तपुर, हरैया, सखुवनियालगायत किसानहरूको बालीमा क्षति पुग्ने गरेको बताएका छन्। जीराभवानी गाउँपालिका-१ शान्तिनगरका किसान जिताराय थारूले जङ्गलबाट निस्केका घोडगदहा, हरिण, बँदेल र मयूरलगायत जङ्गली जनावरहरूले बालीमा क्षति पुऱ्याएको बताए। उनले गहुँ छरेको बीउबाट निस्किन लागेका टुसा जनावरले खाने गरेपछि किसानहरू चिन्तित भएका छन्।

त्यस्तै बँदेल, नीलगाईले कोदो, आलु, तोरीलगायत बालीमा क्षति पुऱ्याएको थारूले बताए। यसका साथै जङ्गली जनावर नियन्त्रणका लागि पर्सा राष्ट्रिय निकुञ्जले विद्युतीय तारबार लगाएको छ। सो तारबारबाट पनि जनावर नियन्त्रण हुन नसक्दा मेसजालीबाट बार लगाइएको छ। तर बाँदर र चित्तल भने नियन्त्रण हुन सकेको छैन। बाँदरले सुर्तीबालीलाई नराम्ररी क्षति पुऱ्याइरहेको किसानहरूले गुनासो गरेका छन्।

यस सम्बन्धमा सुनाखरी उपभोक्ता समितिका अध्यक्ष भीमबहादुर पाख्रिनले जङ्गली जनावर नियन्त्रणका लागि निकुञ्ज प्रशासनले सम्भव भएसम्म काम गरिरहेको बताए। यसबाहेक पनि किसानहरूलाई निकुञ्जले राहत प्रदान गरिरहेको अध्यक्ष पाख्रिनले बताए।

गत वर्ष बाली क्षति भएका पचीसजना किसानलाई राहत प्रदान गरिएको अध्यक्ष पाख्रिनले बताए। यस वर्ष बाली क्षति भएका ४५ किसानको सिफारिश भएको छ। निकुञ्ज प्रशासन अनुसार सुर्ती बाली र तरकारी बाली क्षति भएमा राहत नपाउने बताए।

# लक्ष्मी मुखिया विनको श्रद्धाञ्जलिसभा

प्रस, सिम्रौनगढ, १२ पुस/

सिम्रौनगढ नगरपालिका-१ ननसगरा


तस्वीरः प्रतीक

ढाँटमा लक्ष्मी मुखिया बिनको १३औं पुण्यतिथिको अवसरमा श्रद्धाञ्जलिसभा गरिएको छ।

मङ्सिर २७ गते कर्मचारी आन्दोलनको क्रममा प्रहरीको गोली लागी २४ वर्षीय लक्ष्मीको मृत्यु भएको थियो।

नेपाली काङ्ग्रेस बारा क्षेत्र न. १ का सभापति विजयशङ्कर यादवको अध्यक्षतामा भएको कार्यक्रममा नेकाका सहमहामन्त्री उमाकान्त चौधरी, नेका मधेस प्रदेश उपाध्यक्ष चन्द्रशेखरकुमार यादव, नेका मधेस प्रदेश महामन्त्री महेन्द्र यादव, नेता उपेन्द्र जयसवाल, रामनरेशकान्त कुशवाहा, सिम्रौनगढ नगरपालिका करार ज्यालादारी कर्मचारी सङ्घ अध्यक्ष नीतेश यादव, सिम्रौनगढ नगरपालिका शिक्षक सङ्घ अध्यक्ष उमाशङ्करप्रसाद यादव, वडाध्यक्ष दिनदयाल मुखिया, एजुलाह अन्सारीले मन्तव्य व्यक्त गरेका थिए।

**तिलगङ्गाका........**

साढे ११ हजार पर्ने हुँदा पर्साका आँखा रोगीहरूको आफ्नै जिल्लामा निश्शुल्क शल्यक्रिया हुँदा उनीहरूलाई फाइदा पुगेको वीरगंज सामुदायिक आँखा अस्पतालका स्वास्थ्यकर्मी एवं शिविरमा सहयोग गरेका महेशसिंह धामीले बताए।

तिलगङ्गाले उत्पादन गर्ने मोतियाबिन्दुको प्रतिलेन्स तीनदेखि पाँच डलर अर्थात रु नौ सय पर्छ। अस्पतालले आफैं लेन्स उत्पादन गरी विकसित राष्ट्रहरूमा समेत निर्यात गर्दै आएको छ।

# जलाभिषेकको लागि जलयात्रा



तस्वीरः प्रतीक

प्रस, वीरगंज, १२ पुस/

भारतको अयोध्यामा निर्माणाधीन मर्यादापुरुषोत्तम रामको मूर्ति जलाभिषेकको लागि नेपालको विभिन्न प्रख्यात नदीबाट जल लिएर बिहीवार वीरगंज हुँदै अयोध्याको लागि प्रस्थान गरेको छ। नेपालको पवित्र तथा विख्यात नदीहरूबाट जलाभिषेकको लागि पानी लिएको र जलयात्रा जनकपुरबाट शुरू भएर आज वीरगंज आइपुगेको थियो। वीरगंजमा विश्व हिन्दू परिषद् नेपाल र गहवामाई रथयात्रा समितिको संयुक्त आयोजनामा नगर परिक्रमा गरी भारत पठाइएको छ।